# शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, शैक्षिक योजना

तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड.)

दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका

लागि तयार पारिएको

शोधपत्र

शोधकर्ता

प्रेमलता शाह

क्याम्पस रो नं. : ०६९२०६६

परीक्षा रो नं. : १३००७०

त्रि.वि. दर्ता नं. : ३५५६४-८९

श्री सू.स.मो.या. बहुमुखी क्याम्पस,सिरहा

२०७१

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय, श्री सू.स.मो.या बहुमुखी क्याम्पस, सिरहा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तह द्वितीय वर्षमा अध्ययनरत छात्रा प्रेमलता साहले स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि **शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव** शर्षिकमा शोधकार्य पूरा गरी स्वीकृतिको लागि प्रस्तुत गर्नु भएको शोधपत्र यस मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रध्यापक चन्देश्वर यादव<br>(विभागिय प्रमूख)<br>(एवं कार्यकारी संयोजक) | ...................................... |
| २. | श्री धर्मराज सिंह<br>(शोध निर्देशक) | .................................... |
| ३. | उप.प्र. नारायण प्रसाद अधिकारी<br>(बाह्य परिक्षक)<br>शिक्षाशास्त्र केन्द्रीय विभाग<br>कीर्तिपुर, माठमाण्डौं | ..................................... |

मिति : २०७१/ /

# सिफारिश पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत श्री सू.स.मो.या बहुमुखी क्याम्पस, सिरहा अध्ययनरत छात्रा प्रेमलता साहले **शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव** विषयक शोधपत्र शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह ( एम.एड.) द्वितीय वर्षको आवश्यकता पूर्ति गर्ने उद्देश्यले मेरो प्रत्यक्ष निगरानी, निर्देशन र सल्लाह अनुरुप तयार पार्नु भएको हो । नीजले तयार पारेको यो शोधपत्रबाट म सन्तुष्ट छु । यो शोधपत्रलाई अन्तिम मूल्याङ्कनको लागि शोध मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

..........................

श्री धर्मराज सिंह

शोध निर्देशक

मिति : २०७१/१० /१२

# *शोध सार*

*शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव शोध शीर्षकमा गरिएको यो अध्ययनको मुख्य उद्देश्य शिक्षकमा पेशागतउत्तरदायित्व सम्बन्धी दक्षताको अवस्था र शिक्षण सिकाइमा त्यसको असर पत्ता लगमउनु हो ।*

*यस अध्ययनमा लागि मिश्रित अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै विधिको तथ्याङ्क प्रयोग गरिएको छ । नमुना छनोट उद्देश्यमूलक नमुना छनोट विधिबाट गरिएको छ । यस अध्ययनलाई सम्बन्धित सरोकारवालाहरुबाट प्राथमिक तथ्याङ्क संकलनको लागि प्रश्नावली, अन्तर्वार्ता र समूह छलफललाई साधनको रुपमा प्रयोग गरिएाको छ । द्वितीय तथ्याङ्कको रुपमा विद्यालयको अभिलेखलाई प्रयोग गरिएको छ । यस अध्ययनमा तथ्याङ्कको विश्लेशण सङ्ख्यात्मक तथा गुणात्मक दुवै रुपमा गरिएको छ ।*

*यस अध्ययनबाट आएको तथ्याङ्कहरुको नतिजा विश्लेषण गर्दा शिक्षकको पेशागत दक्षताको अवस्थाको प्रतिबिम्बन , सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख र पेशागत दक्षता प्रदर्शन न्यून रहेको पाईयो । पेशागत दक्षतामा अभिलेखको अभावमा प्रतिबिम्बन गर्न नसकेको, शिक्षक-विद्यार्थीको अनुपात बढी र शिक्षकको शिक्षण सिकाई प्रति सकारात्मक सोचको कमी भएको । शिक्षकको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा अभाव देखिएकोले सिकाई दिगो र प्रभोवकारी हुन सकेको छैन् । विद्यार्थी केन्द्रित सुधारात्मक र उपचारात्मक शिक्षण सिकाई हुन सकेको पाईएन् । सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन हुन नसकेकोले विद्यार्थी सिकाइ प्रति उत्प्रेरित हुन नसकेको देखिन्छ जसले गर्दा उत्तीर्ण प्रतिशत घटेको छ । विद्यार्थीको सहभागिता र सक्रियता न्यून भएको छ । विद्यार्थीको व्यवहारमा सकारात्मक परिवर्तन हुन सकेको छैन । शिक्षण सिकाइमा शैक्षिक सामग्रीको कम प्रयोग भएको देखिन्छ । सबै विद्यार्थीले समान अवसर पाएको देखिएन् । विद्यार्थीले अभ्यासको अवसर पाउन नसकेकोले सिकाइ दिगो हुन नसकेको जस्ता असरहरु परेको पाईयो ।*

*यस अध्ययनबाट निष्कर्षमा देखिएका चुनौतीहरु तथा असरहरुको समाधान गर्न सक्षम एवं दक्ष शिक्षकको नियुक्तिको व्यवस्था मिलाउनु पर्ने आवश्यकता छ । आवश्यकतामा आधारित तालिमको व्यवस्था गरी शिक्षकमा सकारात्मक मनोवृति विकास गराउन सकियो भने शिक्षण सिकाईको स्तरलाई सुधार गर्न सकिन्छ । अनुगमन एवं सुपरिवेक्षणको प्रभावकारी व्यवस्था मिलाई सोको आधारमा दण्ड र पुरस्कारको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । शिक्षक-विद्यार्थी अनुपातलाई आधार बनाई सोही अनुसार दरबन्दीको व्यवस्था मिलाउनु पर्ने हुन्छ । जीवन पर्यन्त अद्यावधिक हुन शिक्षकले प्रतिबिम्बनको उपयोग गर्न सक्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ साथै सक्षम प्रधानाध्यापकको नियुक्तिको व्यवस्था मिलाउनु पर्दछ ।*

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपुर्तिका लागि तयार पारिएको हो । यो शोधपत्र **शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव** शीर्षकमा केन्द्रित भएर तयार गरिएको छ । यस शोधपत्रको तयारीका क्रममा शुरु देखि नै आफ्नो अमूल्य समय प्रदान गरी मार्ग निर्देशन गर्नु भई यस कार्यलाई सफल पार्न, शोधपत्रको प्रारुप तयार गर्न र यसलाई पुर्णता दिन सल्लाह, सुझाव एवं निर्देशन गर्नु हुने आदरणीय गुरु शोध निर्देशक प्राध्यापक श्री धर्मराज सिंह ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै श्री सू.स.मो.या बहुमुखी क्याम्पस, गुरुहरु ज्यूको मार्ग निर्देशनको लागि समेत् आभार व्यक्त गर्दछु । यस अध्ययनमा सूचना संकलन गर्न सहयोग गर्नु हुने प्रधाध्यापक., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी, अभिभावक एवं प्रशिक्षक प्रति सहयोगको लागि आभार व्यक्त गर्दछु । शोध लेखन कार्यमा समय र वातावरण मिलाउन सहयोग गर्ने श्रीमती र छोराछोरीहरुलाई धन्यवाद दिन चाहन्छु । भाष शुद्धिकरणमा सहयोग पुऱ्याउने शिक्षक श्री धर्मराज सिंह, विकरु राय तथा कम्प्यूटर टाइप र प्रिन्ट गरीदिने पारस मणि शर्मा र नागमणि शर्म प्रति हार्दिक अभार व्यक्त गर्दछु ।

प्रेमलता शाह

# विषय सूची


पृष्ठ

स्वीकृति पत्र

सिफारिश पत्र

शोधसार

कृतज्ञता

विषय सूची

परिच्छेद एक : परिचय १-९

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धान प्रश्न ९

१.६ अध्ययनको परिसिमा ९

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका १०-२०

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ सैद्धान्तिक खाका १९

२.३ अध्ययनका लागि पुनरावलोकनको उपादेयता २०

परिच्छेद तीन : अध्ययन विधि २१-२६

३.१ अनुसन्धान ढाँचा २२

३.२ अध्ययनको जनसङ्ख्या तथा नमुना २३

३.३ तथ्याङ्कका स्रोतहरु २४

३.३.१ प्राथमिक स्रोत २५

३.३.२ द्वितीय स्रोत २५

३.४ तथ्याङ्क सङ्कलनका साधनहरु २५

३.४.१ प्रश्नावली २६

३.४.२ अन्तर्वार्ता २६

३.४.३ समूह छलफल २६

३.५ तथ्याङ्क संकलन प्रक्रिया २६

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २७

**परिच्छेद चार : नतिजाको विश्लेषण २८-४६**

४.१ शिक्षकमा भएको पेशागत दक्षताको अवस्था २८

४.१.१ शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन २९

४.१.२ शिक्षण प्रक्रियाको अभिलेख २९

४.१.३ अभिभावकसँगको सञ्चार ३०

४.१.४ शैक्षणिक विकासमा योगदान ३१

४.१.५ पेशागत विकासको प्रयास ३१

४.१.६ पेशागत दक्षताको प्रदर्शन ३२

४.२ शिक्षकको पेशागत दक्षतामा देखिएका चुनौतीहरु ३३

४.२.१ शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन ३३

४.२.२ सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख ३४

४.२.३ अभिभावकसँग सञ्चार ३४

४.२.४ शैक्षणिक विकासमा योगदान ३५

४.२.५ पेशागत दक्षता प्रस्तुति ३५

४.३ शिक्षकको पेशागत दक्षतामा समस्या हुने कारणहरु ३६

४.३.१ घरेलु कारण ३६

४.३.२ विद्यालयिय कारणहरु ३६

४.३.३ व्यक्तिगत कारण ३७

४.४ शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको असरहरु ३८

४.४.१ शिक्षण सिकाइ कार्यमा प्रतिविम्बनल ३८

४.४.२ सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख ३९

४.४.३ अभिभावकहरुसँगको सञ्चार ३९

४.४.४ शैक्षिणिक विकासमा योगदान सम्बन्धी दक्षता ४०

४.४.५ पेशागत दक्षताको प्रदर्शन ४०

४.५ शिक्षकको पेशागत दक्षतामा देखिएका समस्याहरुको समाधानका उपायहरु ४१

४.५.१ शिक्षण सिकाइ कार्य प्रतिविम्बन ४२

४.५.२ सम्पूर्ण शिक्षण प्रक्रियको अभिलेख ४३

४.५.३ अभिभावकसँग सञ्चार ४४

४.५.४ शैक्षणिक विकास योगदान ४५

४.५.५ पेशागत दक्षता प्रदर्शन ४६

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु ५०-५२**

५.१ निष्कर्ष ४८

५.२ सुझावहरु ५०

५.२.१ नीतिगत तह ५०

५.२.२ कार्यान्वयन तह ५१

५.२.३ अनुसन्धान तह ५१

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

पेशागत दक्षता भन्नाले आफु कार्यरत पेशा अनुसारको कार्य कुशलता प्राप्त गर्नु हो अर्थात जुन पेशामा कार्य गरिरहेका हुन्छन् त्यसलाई वर्तमान अभ्यासमा आधारित भई गर्न सक्ने सक्षमतालाई पेशागत दक्षताको रुपमा लिइन्छ । पेशागत रुपमा योग्य भई आफनो क्षमता प्रदर्शन गर्ने कौशललाई पेशागत दक्षता भनिन्छ । शिक्षण सिकाइका सन्दर्भमा आवश्यक पर्ने पेशागत र विषयगत ज्ञान, सीप र अभिवृत्तिमा सक्षम हुनु नै शिक्षकको पेशागत सक्षमता हो । सक्षमताले शिक्षकको व्यावहारिक परिवर्तनको अपेक्षा गर्दछ । यस आधारमा शिक्षकको शैक्षिक, सामाजिक, साँस्कृतिक सिकाइ मनोवृत्तिलाई कक्षाकोठामा प्रयोग गर्ने क्षमता वा कौशललाई सक्षमताका रुपमा परिभाषित गर्न सकिन्छ ।

सामान्य भाषामा शिक्षकले कक्षाकोठामा सिकारुलाई सिकाउनु शिक्षण हो । अर्थात शिक्षकले विभिन्न प्रकारका ज्ञान र सीप उपयुक्त कक्षाकोठाको वातावरणमा विद्यार्थीलाई सिकाउनु शिक्षण हो ।

पेशागत दक्षता भन्नुको अर्थ हो आफू कार्यरत पेशा अनुसारको कार्य कुशलता प्राप्त गर्नु अर्थात जुन पेशामा कार्य गरिरहेका छौं, त्यस अनुसारको वर्तमान अभ्यासमा आधारित सक्षमतालाई पेशागत दक्षताको रुपमा लिइन्छ । शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न तालिम एक सहयोगी माध्यम बन्न सक्छ । यसले ज्ञान र सीपको दायरालाई फराकिलो गर्न सक्छ भन्ने केही नयाँ सीपहरु विकसित गर्न सक्छ । सिकाउने व्यक्तिले आफनो ज्ञानलाई निरन्तर विकास गर्दै जाने परिपाटीको संस्थागत परिवर्तनलाई कार्य क्षेत्रमा लागु गर्ने प्रतिबद्धताको अभावमा तालिमले मात्र केही गर्न सक्दैन । यस्तो अवस्थामा शिक्षकको परिपक्वता र अनुभवको इतिहास खिइँदै जाने हुन्छ । यसरी गुणस्तरीय एवं प्रभावकारी शिक्षण सिकाइको लागि शिक्षकमा पेशागत दक्षता हुनु अनिवार्य देखिन्छ र सोको लागि शिक्षक विकासको कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्नु पर्दछ । शिक्षक विकासको विश्व परिवेश तथा नेपालको परिवेशको बारेमा अध्ययन गर्दा निम्नानुसार भएको देखियो ।
शिक्षक विकासको विश्व परिवेशलाई हेर्दा यसको शुरुवात ई.सं.१६८५ मा फ्रान्सबाट भएको

पाइन्छ । ई.सं.१७९४ मा शिक्षाशास्त्री रुसोको सिद्धान्त अनुसार सरकारी स्तरमा शिक्षक तालिमको शुरुवात भएको थियो । १८ औं शताब्दीमा त्यही सिद्धान्त अनुसार फ्रान्स र जर्मनीमा शिक्षकलाई तालिम दिने संस्थाको स्थापना गरियो । त्यसै कालखण्डमा स्वीस शिक्षाशास्त्री जोन हेनरी पेस्टालोजीले पनि रुसोको शैक्षणिक सिद्धान्तलाई कार्यान्वयन गर्ने कार्य गरेका थिए । १९औं शताब्दीमा जोन फ्रेडरिक हर्वर्टले पर्सियामा शिक्षक तालिम सम्बन्धी महत्पूर्ण सिद्धान्त र नमूनाहरु प्रतिपादन गरी कार्यान्वयन गरेका थिए । जस अनुसार उहाँले शिक्षा मनोविज्ञानलाई अगाडी सारेर विद्यार्थी केन्द्रित शिक्षण पद्धतिमा जोड दिएको पाइन्छ । शैक्षिक कार्यक्रम विद्यार्थीको रुचि, क्षमता र चाहना अनुसार नै हुनु पर्ने अवधारणा अघि सारेका थिए । सोही अवधारणा अनुरुप नै शिक्षकमा पेशागत दक्षता अभिवृद्धि गर्न शिक्षक तालिम संचालन गर्नु पर्ने कुरालाई विश्वले अंगिकार गरेर तालिम संचालन गरेको पाइन्छ । २०औं शताब्दीमा आएर जोन डिवेले शिक्षण तरिकालाई प्रणालीगत व्यवस्थित विज्ञानको रुपमा अघि सारे । जस अनुसार शिक्षकमा विषयवस्तुको ज्ञान सँगै बाल मनोविज्ञान, सिकाइ सिद्धान्त र शिक्षण विधि एवं प्रविधिहरु जस्ता पेशागत दक्षता हुनु पर्दछ । सोही अनुरुप हालसम्म पनि शिक्षकको पेशागत दक्षता विकास गर्न विभिन्न तालिमहरु संचालन गरिएको पाइन्छ ।

नेपालको शिक्षक विकासलाई दृष्टिगत गर्दा नेपालमा शिक्षक तालिमको औपचारिक रुपमा शुरुवात वि.सं. २००४ सालमा काठमाडौंमा स्थापना गरिएको आधार शिक्षा अर्न्तगत आधार शिक्षक शिक्षण केन्द्रबाट भयो र वि.सं. २०१४ साल भाद्र १४ गते यसलाई राष्ट्रिय शिक्षक शिक्षण केन्द्रका रुपमा परिणत गरियो । वि.सं. २०३० साल वैशाख १० गते देखि पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित विषयवस्तु प्रसारण तालिम आयोजना २०३५ साल देखि शुरु भयो र २०३७ साल भाद्र ४ गते देखि उक्त तालिम कार्यक्रम औपचारिक रुपमा प्रारम्भ भएको थियो ।

शिक्षक विकासको कार्यक्रम नेपालमा वि.सं. २०३९ सालमा सेती अंचलमा लागु गरिएको ग्रामिण विकासको लागि शिक्षा परियोजना २०४१ साल पछि प्राथमिक शिक्षा परियोजनाको रुपमा संचालन गरियो । त्यसैगरी वि.सं. २०४९ पछि आधारभूत शैक्षिक सामग्री प्रयोग तालिम, सिकाइ प्रक्रिया र मूल्याङ्कन सम्बन्धी तालिम, कक्षा शिक्षण, प्र.अ. व्यवस्थापन,

पाठ्यक्रम कार्यान्वयन तालिम संचालन गरी शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने प्रयास गरियो । वि.सं. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना पश्चात तालिम सम्बन्धी सम्पूर्ण कार्यक्रम संचालन गर्ने अभिभारा शै.ज.वि. केन्द्रले पायो । यसले शिक्षा नियमावली अनुसार तालिम प्राप्त व्यक्तिले शिक्षक पेशामा प्रवेश पाउने व्यवस्था अनुरुप १० महिने पूर्व सेवाकालिन तालिम निजी क्षेत्रलाई स्वीकृति प्रदान गरेर संचालन गरायो भने प्रवेश पाई सकेका शिक्षकलाई आफनो मातहतका तालिम केन्द्रहरु मार्फत तालिम प्रदान गरी पेशागत दक्षता अभिवृद्धि गराउने प्रयास गरियो ।

नेपालको निम्न माध्यमिक र माध्यमिक शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्न इ.सं.१९८३ मा स्थापित माध्यमिक शिक्षा विकास परियोजनाका माध्यमबाट शुरुवात गरिएको थियो । यसको शुरुवात विज्ञान शिक्षा विकास परियोजनाको रुपमा भएको थियो भने पछिल्लो अवस्थामा यसले विज्ञान, अंग्रेजी र गणित विषयमा १० महिने लामो अवधिको तालिम संचालन गरेर एवं साथै विज्ञान, अंग्रेजी, नेपाली र गणित विषयका १ महिने छोटो अवधिका तालिम संचालन गरेर शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने प्रयास गऱ्यो । त्यस्तै माध्यमिक शिक्षा सहयोग कार्यक्रमले पनि कक्षाकोठामा प्रभावकारी शिक्षण-सिकाइ सुनिश्चित गर्नका लागि शिक्षक शिक्षाको गुणस्तर र शिक्षकको दक्षता अभिवृद्धिमा जोड दिएको पाइन्छ ।

शिक्षा मन्त्रालयले शिक्षकको योग्यता र तालिम सम्बन्धमा तय गरेको नीति अनुसार सामुदायिक विद्यालयहरुमा कार्यरत तालिम अप्राप्त सबै शिक्षकलाई १० महिने सक्षमतामा आधारित प्रमाणिकरण तालिम प्रदान गरिने लक्ष्य राख्यो । यो कार्यक्रमको योजना अवधि शुरुमा २००३ देखि २००७ सम्ममा माध्यमिक विद्यालयहरुमा अध्यापनरत १३५०० जना तालिम अप्राप्त शिक्षकलाई १० महिने सेवाकालिन सक्षमतामा आधारित प्रमाणिकरण तालिम प्रदान गर्ने लक्ष्य राखेकोमा २००९ सम्म कार्यक्रम संचालन गरी ९८.०२ % लक्ष्य पुरा गरेर उक्त तालिमलाई दूर शिक्षाको माध्यमबाट बाँकी शिक्षकलाई तालिम प्राप्त बनाउने गरी सो कार्यक्रमको समापन गरिएको छ ।

नेपालमा दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्ने अभिभारा लिएका विभिन्न विश्वविद्यालयले शिक्षाशास्त्र संकायको मार्फतबाट उक्त लक्ष्य पूरा भईरहेको छ । नेपालमा पूर्व सेवाकालिन शिक्षक शिक्षा कार्यक्रम संचालन गर्न शिक्षाशास्त्र संकाय (त्रि.वि.) लगायत अन्य विश्वविद्यालय र सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन् । यसको संरचना १९९५/९६ सम्म १०+२+२+२ थियो भने १९९६/९७ देखि यसलाई १०+२+३+२ को रुपमा परिणत गरियो । यस अन्तर्गतका सबै क्याम्पसहरुको माध्यमबाट फरक-फरक विषयको लागि छुट्टाछुट्टै विषयगत पाठ्यक्रम अनुसार कार्यक्रम संचालन गरी पेशागत दक्षता अभिवृद्धि गरिने प्रयास गरिएको पाइन्छ । यसले संचालन गर्ने पाठ्यक्रम सामान्य शिक्षण सिद्धान्त, पेशागत दक्षताका विषयवस्तु र विषयगत ज्ञानलाई प्रविणता प्रमाणपत्र तह र तीन वर्षे बी.एड.मा राखिएको छ भने एक वर्षे बी.एड. र एम.एड. मा पेशागत दक्षता र विषयगत ज्ञानलाई समावेश गरिएको छ ।

यसरी हेर्दा नेपालमा पनि विश्व परिवेश अनुरुप ३ दशक देखि शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने प्रयास निरन्तर रुपमा भईरहेको देखिन्छ । यसरी ३ दशक देखि शिक्षकको पेशागत दक्षता विकासको प्रयास हुँदाहुँदै पनि हालसम्म गुनासो यथावत रहनु आफैमा अध्ययनको विषय हो । यस सम्बन्धमा भएका अध्ययनहरुको खोजी गर्दा निम्नानुसार उल्लेख छ ।

शिक्षण सिकाइमा सुधार आएमा मात्र मुलूकको जनशक्ति विश्व बजारमा खरो उत्रिई प्रतिस्पर्धामा जान सक्छ । यसका लागि शिक्षकमा पेशागत दक्षता हुनु अति नै आवश्यक देखिन्छ । शिक्षकलाई पेशागत दक्षता प्रदान गर्न तालिमले अहम भूमिका खेल्ने गर्दछ । तालिमप्राप्त एवं कुशल शिक्षकले मात्र बालबालिकाको मनोभावना बुझेर तदनुसार शिक्षण विधि अपनाई सक्षम जनशक्ति उत्पादन गर्न सक्दछन् । तालिम प्राप्त शिक्षक आफुले तालिममा सिकेका कुराहरुलाई विद्यार्थीहरुको सिकाइमा प्रयोग गरेर विद्यालयको पठनपाठनमा महत्वपूर्ण योगदान दिन सक्छ ।

नेपालको शिक्षा क्षेत्रमा योग्य, सक्षम र शिक्षण पेशाप्रति प्रतिबद्ध शिक्षकको भर्ना सुनिश्चित गर्ने उद्देश्यले "प्रवेश विन्दु मै तालिमको आवश्यकता" अनिवार्य गरिएको छ । प्राथमिक,

निम्न माध्यमिक र माध्यमिक शिक्षकका लागि तोकिएको शैक्षिक योग्यताका रुपमा प्राथमिक शिक्षकको लागि १० महिने तालिम र निम्न माध्यमिक एवं माध्यमिकका लागि १० महिने तालिम वा आइ.एड. एवं बी.एड. तोकिएको छ । नेपालमा शिक्षकलाई पेशागत दक्षता प्रदान गर्नको लागि शुरु देखि नै फरक फरक किसिमले शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने प्रयास गरिएको छ । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना शुरु भएपछि प्राथमिक शिक्षकलाई तालिम प्रदान गरेर पेशाागत दक्षता अभिवृद्धि गर्ने प्रयासको शुरुवात देखि हाल आएर नेपालमा कार्यरत शिक्षक मध्ये ९८.०२ प्रतिशत शिक्षकलाई तालिम प्राप्त बनाई सकिएको छ । जसको लागि नेपाल सरकारले शैक्षिक जनशक्ति विकास केन्द्रको माध्यमबाट सबै शिक्षकलाई तालिम प्राप्त बनाउनको लागि १० महिने सक्षमतामा आधारित प्रमाणिकरण तालिम प्रदान गरिसकेका छन् ।

त्यस्तै नेपालको शिक्षा ऐन नियमावली हेर्दा पनि शिक्षकको योग्यतालाई प्राथमिक तहको लागि एस.एल.सी. र १० महिने शिक्षक तालिम पुरा गरेको व्यवस्था गरेको छ भने निम्न माध्यमिक र माध्यमिक शिक्षकको लागि क्रमशः आई.एड. वा १० महिने तालिम प्राप्त र बी.एड. वा १० महिने तालिम प्राप्त हुनुपर्ने व्यवस्था गरेको छ ।

शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने माध्यम नै नेपालमा हालसम्म एकरुपको हुन सकेको छैन । जसको परिणम स्वरुप शिक्षकको पेशागत दक्षतालाई अनुगमन गर्ने स्पष्ट आधार बन्न सकेको छैन् । हालको अवस्थामा नेपाल सरकारले शैक्षिक जनशक्ति विकास केन्द्रको माध्यमबाट प्रदान गरेका १० महिने प्रमाणिकरण तालिमले शिक्षण पेशाको लागि प्राज्ञिक योग्यता सरहको मान्यता प्रदान गरिएको छ भने प्राज्ञिक योग्यता बढाउनको लागि विश्वविद्यालयहरुले सो मान्यता प्रदान गरिसकेको छैन । यसरी विभिन्न तरिकाले प्राप्त गरेका पेशागत दक्षताका वास्तविक अवस्था के-कस्तो छ ? यसले सिकाइमा के-कस्तो प्रभाव पारेको छ ? भन्ने कुराको खोजी गर्ने प्रयास यस अध्ययनमा गरिएको छ । उपरोक्त विवरणहरुलाई अध्ययन गर्दा नेपालका शिक्षक फरक-फरक किसिमले तालिम प्राप्त गरेको उल्लेख छ ।

यस अध्ययनको लागि विभिन्न साहित्यहरुको पूनरावलोकन गर्दा उक्त शिक्षक मध्ये सेवाकालिन तालिमको प्रभावकारितालाई मात्र अध्ययन गरेको पाएँ । वास्तवमा शिक्षकको पेशागत दक्षताको समान आधार बनाएर सोही अनुसार अनुगमनको व्यवस्था गर्न सकियो भने शिक्षाको गुणस्तरलाई माथि उकास्न सकिन्छ । शिक्षक विकासको लागि नेपाल सरकारले समय-समयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरेर वा निरन्तर रुपमा विश्वविद्यालयको मार्फत शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने प्रयास गरेको भए तापनि सरोकारवालाहरुको गुनासो यथावत रहेको छ । हालसम्म पनि विद्यार्थीको सिकाइ उपलब्धि माथि उकास्न सकिएको छैन । शिक्षक कार्य दक्षताको राम्ररी अनुगमनको व्यवस्था मिलाउन सकिएको छैन् । तसर्थ यही जिज्ञासालाई मेटाउन शिक्षकको पेशागत दक्षताले शिक्षण सिकाइमा पारेको प्रभावको बारेमा अध्ययन केन्द्रित छ ।

## १.२ समस्याको कथन

शिक्षण सिकाइलाई स्तरीय र प्रभावकारी बनाउनको लागि शिक्षकमा पेशागत दक्षता हुनु अनिवार्य हो । पेशागत दक्षता हासिल गर्न तालिम आवश्यक हो । त्यसैले शिक्षण पेशामा कार्य गर्न तालिमलाई अनिवार्य गरिएको छ । हालको अवस्थामा नेपालका लगभग सम्पूर्ण शिक्षक तालिम प्राप्त भईसकेका छन् । कोही सेवा प्रवेश पूर्व नै आइ.एड./बी.एड./एम.एड. गरेका छन् भने कोही सेवाकालिन तालिम लिएका छन् । संख्यात्मक रुपमा नेपालका ९८.०२ प्रतिशत शिक्षक तालिम प्राप्त गरिसकेका छन् ।

तर वास्तवमा ती शिक्षकको पेशागत दक्षता न्यून रहेको कुरा विभिन्न अध्ययनहरुले दर्शाएको छ । पेशागत दक्षता न्यून भएकै कारणले सामूदायिक विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ । विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुनुमा शिक्षकको पेशागत दक्षताको अभाव नै प्रमुख कारकतत्व रहेको कुरा विद्यार्थी, अभिभावक तथा सुपरिवेक्षकहरुको गुनासो छ । समय समयमा यी शिक्षकबीच एक अर्का प्रति दोषारोपण गर्ने अवस्था विद्यमान छ । साथै नेपालको नियम कानुनमा पनि कुन तालिमलाई मान्यता दिई स्थिरता प्रदान गर्ने कुरा यक्ष प्रश्नको रुपमा रहेको कुरा कानूनमा शिक्षकको योग्यता सम्बन्धी रहेको तरलताबाट स्पष्ट हुन्छ । यी फरक किसिमबाट पेशागत दक्षता प्राप्त शिक्षक समान अवसर पाउन सकिरहेका छैनन् । सेवाकालिन प्रमाणिकरण तालिम प्राप्त

शिक्षकले हालसम्म पनि प्रज्ञिक योग्यता बढाउन विश्वविद्यालयमा प्रवेश पाउन सकेका छैनन् ।

नेपालको शैक्षिक विकास नेपाल सरकारको लगानी दिनानुदिन बढ्दै गइरहेको छ तर त्यसको प्रतिफल लगानी अनुसार नआएको गुनासो यथावत छ । नेपाल सरकारको प्रत्यक्ष संलग्नता र बढी लगानीमा सञ्चालन भएका कार्यक्रम सेवाकालिन सक्षमतामा आधारित १० महिने प्रमाणीकरण तालिम प्राप्त शिक्षक र नेपाल सरकारको अनुदान र कम लगानीमा त्रि.बि. बाट सञ्चालित कार्यक्रमबाट तालिम प्राप्त शिक्षकको कार्यथलो विद्यालय नै भएकोले उनीहरुको पेशागत दक्षतामा समानता हुनुपर्ने अनिवार्य हो । तर विभिन्न अनुसन्धान, पत्रपत्रिका, अभिभावक, सुपरिवेक्षक र शिक्षाविदहरुको लेख रचनालाई हेर्दा भिन्नता रहेको देखिन्छ । सेवाकालिन तालिम संचालन गर्न बी.एड./एम.एड. योग्यता भएका शिक्षकलाई प्रशिक्षक बनाईएको तथ्यले पनि पुष्टि गर्दछ । सेवाकालिन तालिम दिने प्रशिक्षक र तालिम लिने प्रशिक्षार्थी हाल एकै ठाउँमा कार्य गरी रहेका छन् । तसर्थ यी शिक्षकको पेशागत दक्षताको वर्तमान अवस्थाको खोजी गर्न र ती पेशाागत दक्षताले शिक्षण सिकाइमा पारेको प्रभावको खोजी गर्न , यसको समस्याहरु एवं ती समस्याहरुलाई समाधान गर्ने उपायहरुको खोजी गर्न यो अनुसन्धान गरिएको छ ।

शिक्षकको भूमिका ज्ञानको प्रवाहमा मात्र सीमित छैन्, गुणस्तरीय शिक्षाको व्यवस्था गर्नमा पनि उत्तिकै महत्वपूर्ण हुन्छ । शिक्षकमा समग्र शिक्षा प्रणाली प्रति सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पार्ने क्षमता रहेको हुन्छ । तसर्थ कुनै पनि शिक्षा प्रणालीको सफलता वा असफलता त्यस शैक्षिक प्रणालीभित्र कार्यरत शिक्षकको उपलब्धता , दक्षता तथा क्षमता आदिमा भर पर्दछ ।

## १.३ अध्ययनको औचित्य

संयुक्त राष्ट्रसंघले सन् १९७० को साधारण सभामा विकासको अवसर सबैलाई समान रुपमा प्रदान गरिनुपर्दछ भने प्रस्ताव पारित गरेको थियो । त्यसै गरी सन् १९५० मा जेनेभामा भएको अन्तर्राष्ट्रिय सम्मेलनले अविकसित देशमा शिक्षालाई विश्वव्यापी रुपमा स्वतन्त्र र अनिवार्य गरेको पाइन्छ । सन् १९९० मा थाइलैण्डको जोमटिनमा भएको “सबैको लागि

शिक्षा" विश्व सम्मेलनले शैक्षिक अवसर विस्तार गर्न प्रतिवद्धता जाहेर गऱ्यो र गास, बास र कपास जस्तै पृष्ठभूमिको आवश्यकताको रुपमा मौलिक अधिकारसँग सम्बन्धित गऱ्यो ।

शिक्षणलाई गुणस्तरीय बनाउन शिक्षकमा पेशागत दक्षता हुनु अनिवार्य शर्त हो । शिक्षकमा पेशागत दक्षता भए मात्र विद्यार्थीहरुको चाहना, रुचि र क्षमतालाई ध्यानमा राखेर गुणस्तरीय शिक्षण सिकाइको वातावरण निर्माण गर्न सकिन्छ किनभने गुणस्तरीय शिक्षण सिकाइको वातावरण निर्माण गर्ने सम्पूर्ण दायित्व शिक्षकको नै हो । गुणस्तरीय शिक्षण सिकाइको लागि शिक्षक तालिम प्राप्त हुनु अनिवार्य देखिन्छ । साथै सो तालिम संचालन प्रक्रियामा स्थिरता हुनु पनि त्यतिकै आवश्यक छ । नेपालमा शिक्षकलाई फरक फरक किसिमले तालिम प्राप्त बनाउने प्रक्रियाले शैक्षिक गुणस्तरमा पनि स्थिरता ल्याउन सकिंदैन । नेपालमा फरक-फरक तालिम कार्यक्रमबाट शिक्षकको पेशागत दक्षतामा वृद्धि गर्ने प्रयास गरिएकोले तिनीहरुको पेशागत दक्षतामा भिन्नता हुन सक्ने सम्भावनालाई बढाउँछ । तसर्थ कुन कार्यक्रम बढी प्रभावकारी भने कुरा बुझ्नको लागि पनि यो अनुसन्धानमा प्रयास गरिएको छ ।

शिक्षकको पेशागत दक्षताको पहिचान र विश्लेषण गर्ने उद्देश्यले यो अनुसन्धान गर्नु औचित्यपूर्ण देखिन्छ । शिक्षकको पेशागत दक्षताको बारेमा प्रश्न उठ्दा म पनि एउटा शिक्षक भएकोले यसको बारेमा अनुसन्धान गर्ने कौतुहलताको फलस्वरुप यो अध्ययनलाई औचित्यपूर्ण छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानको मूख्य विषयवस्तु शिक्षकको पेशागत दक्षताको बारेमा अझै विस्तृत अध्ययन गर्नको लागि निम्नानुसारको उद्देश्यहरु राखिएको छ :

१. शिक्षकमा भएका पेशागत दक्षताको खोजि गर्नु ।

२. शिक्षकको पेशागत दक्षतामा देखिएका चुनौतीहरु पत्ता लगाउने ।

३. शिक्षकको पेशागत दक्षतामा देखिएका वर्तमान अवस्थाको कारणहरुको खोजी गर्न ।

४. शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको असरहरु पहिचान गर्नु ।

५. पेशागत दक्षतामा देखिएका चुनौती तथा असरहरुको समाधानका उपायहरु पत्ता खोजिगर्नु ।

## १.५ अनुसन्धाना प्रश्न

यस अनुसन्धानको क्रममा निम्न प्रश्हरुलाई अनुसन्धानात्मक प्रश्नको रुपमा राखेर त्यसको उत्तर खोज्ने प्रयास गरिएको छ :

शिक्षकको पेशागत दक्षताहरुको वर्तमान अवस्थाको खोजी गरी त्यसको प्रयोगमा रहेका चुनौतीहरु , असरहरु पत्ता लगाई ती चुनौती तथा असरहरुको समाधानका उपायहरु के हुन सक्दछ ?

## १.६ अध्ययनको परिसिमा

यो अध्ययनले एउटा बृहत विषयवस्तु बोकेको छ। उपलब्ध स्रोत, साधन, तथ्याङ्क र समयलाई ध्यानमा राखेर धनुषा जिल्लाको ग्रामिण क्षेत्रका नगराईन स्रोत केन्द्र र शहरी क्षेत्रका जनकपुर स्रोत केन्द्रमा यो अध्ययन सीमित रहेको छ। यी दुई वटै स्रोत केन्द्रमा कार्यरत माध्यमिक शिक्षकलाई यस अध्धयननको जनसङ्ख्याको रुपमा लिईएको छ। नमूना छनोटको आधारमा परेका माध्यमिक शिक्षक, प्र.अ., स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष/सदस्य, शि.अ.सं. अध्यक्ष/सदस्य , विद्यार्थी तथा अभिभावकहरुलाई उत्तरदाताको रुपमा छनोट गरी उनीहरुबाट संकलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त निष्कर्षलाई कार्यरत माध्यमिक शिक्षकमा सामान्यीकरण गरिएको छ।

यस अध्ययनको लागि आवश्यक तथ्याङ्क संकलन गर्न नमुनाको छनोट सम्भावयता नमुना छनोटको विधि अपनाएर गरिएको छ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान भनेको जटिल कार्य हो र यसैले गर्दा अनुसन्धानकर्ताले अनुसन्धानको विषय छनोट गरेपछि यस सम्बन्धमा गरिएका पूर्व अध्ययनहरु तथा प्रकाशित सामग्रीहरुको विस्तृत अवलोकन र अध्ययन गर्नु आवश्यक हुन्छ । यसरी अध्ययन र अवलोकन गरेपछि मात्र अनुसन्धानको लागि आधार र मार्गनिर्देशन प्राप्त हुन्छ । अनुसन्धान समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत साहित्यको पूनरावलोकनले सहयोग पुरयाउँछ । यसले अनुसन्धानकर्तालाई आफनो अध्ययनको क्षेत्र, विषयलाई सीमित गर्न समेत सहयोग पुऱ्याउँछ । अनुसन्धान भनेको कुनै निश्चित विषय, घटना वा क्षेत्रसँग सम्बन्धित खोजका लागि व्यवस्थित र गहन विधि अपनाएर आवश्यक तथ्य वा प्रमाणहरु सङ्कलन गर्नु हो, त्यसका लागि सङ्कलित तथ्यलाई विश्लेषण गर्दै प्रस्तुत गरी निष्कर्षमा पुग्ने विधि पनि हो । शिक्षण पेसालाई मर्यादित बनाउने, समाजकोसम्मानित पेसाका रूपमा कदर गर्ने र संस्थागत गर्ने माथिदेखि तलसम्म त्यो प्रक्रिया र कार्यशैलीको विकास गर्नेतिर जोड हुनुपर्दछ ताकि समाजमा शिक्षण पेसा अथवा शिक्षा क्षेत्र भनेको सबै सिङ्गो समाजले यस्तो मानोस् कि यो नै हाम्रो भाग्य, हाम्रो भविष्य, हाम्रा बालबच्चाहरू कस्तो हुने र कस्तो बनाउने हो भन्ने सबै कुरा निर्धारण गर्ने भएकाले सबैले यहाँ सम्मान गर्नुपर्छ । मिहिनेत गर्नुपर्छ भन्ने भाव जगाउने त्यसखालको एउटा संस्कार बसाउने राज्यको योजना हुनुपर्दछ ।
यस लेखमा शिक्षकको मानसम्मान तथा मर्यादाको व्यवस्था नभएसम्म नत विद्यार्थीको भविष्य सुरक्षित हुन्छ नत राष्ट्रले उन्नति नै गर्न सक्छ । किनभने राष्ट्रका निर्माता आजका विद्यार्थी हुन् भने विद्यार्थीको भविष्य निर्माता शिक्षक नै हुन् । यस अध्ययनको विषय शिक्षकको पेशागत दक्षतासँग सम्बन्धित रहेको छ जुन् शिक्षकको मानसम्मान तथा मर्यादासँग जोडिएको हुन्छ ।

अवस्थामा सभ्यताको जगै बदलिएको छ, बद्लिँदैछ । यो स्थानीय रूपले मात्र नभै विश्वपरिस्थितिमै अर्को हुँदैछ, ग्लोबल परिस्थितिले र आइटीले हामी पनि विश्वसँग अभिन्न

हुँदैछौं । हाम्रा मूल्यहरू प्रदूषित भनौं मिश्रित भएका छन् । अहिलेको शिक्षकले नयाँ दर्शनको दृष्टिकोणले हेर्न सिक्नुपर्छ, सोच्न सिक्नु पर्छ, बोल्न, लेख्न र पढाउन सिक्नुपर्दछ । अबको शिक्षकले पाठचक्रम, पाठचपुस्तक र विद्यार्थीका आफना सारा दृष्टिकोणमा विश्वास होइन सन्देह गर्न सिक्नुपर्दछ । सम्पूर्ण शिक्षा पद्धतिमाथि नै पुनर्विचार र पूर्ण सन्देह गर्ने समय आएको छ । द्विचरता (डाइकोटोमी) को अन्त्य र बहुलता/विविधताको समर्थन अनि सह-अस्तित्वको खोजी गर्न जान्नु पर्छ ।

आजको शिक्षामा, पाठचक्रम, पाठचपुस्तक, पठनविधि, शिक्षणविधिमा ठूलो परिवर्तन आइरहेछ । एकातिर सूचना प्रविधिले अर्कातिर विश्वव्यापीकरणले परिवर्तनका अकल्पनीय फड्का मारिरहेको तथ्य हेर्नुपर्दछ । यतिखेर हजारौं वैकल्पिक बाटा र सोचहरू छन्, तिनलाई व्यवहारमा उतार्नुपर्दछ । अबको नयाँ शिक्षकले यी नयाँ सिद्धान्त मनमा राखेर हिँडनुपर्दछ, व्यवहार गर्नुपर्दछ ।

यस लेखमा वर्तमानको २१औं शताब्दीको बदलिंदो विश्व परिवेश तथा सुचनामा पहूँच सँगसँगै समाहित शिक्षा तथा त्यसको लागि आवश्यक शैक्षिक प्राविधिक ज्ञान शिक्षकमा अनिवार्य रुपमा हुनुपर्ने जोडदार आवाज उठाएका छन् । आजको शिक्षामा, पाठचक्रम, पाठचपुस्तक, पठनविधि, शिक्षणविधिमा ठूलो परिवर्तन आइरहेछ । अहिलेको समयमा सबैको लागि शिक्षाको नारामात्र दिएर हुँदैन बरु सोअनुसारको पेशागत दक्षता हासिल गरेर मात्र शिक्षकले वर्तमान समयको मागलाई सम्बोधन गर्न सक्छ ।

शिक्षा क्षेत्रमा काम गर्ने शिक्षकहरूको क्षमता र जिम्मेवारीको विकास नयाँ स्तरमा गरिनुपर्दछ । अहिले निजामती कर्मचारीमा अयोग्य मानिएका वा लोकसेवामा अनुत्तीर्ण भएका शिक्षितहरू शिक्षा क्षेत्रमा उपयुक्त मानिने गलत र हानिकारक संस्कार रहेको छ । यो संस्कारको व्यावहारिक रूपले अन्त्य गरिनु पर्छ र शिक्षण पेसालाई सम्मानित, मर्यादित र जिम्मेवारीपूर्ण बनाइनु पर्छ । शिक्षकहरूलाई सक्षम र सीपयुक्त शिक्षणमा संलग्न गराउन उपयुक्त तालिमको व्यवस्था गरिनुपर्दछ । यसका लागि शिक्षकको तालिम पाठ्यकमलाई व्यावहारिक वैज्ञानिक र विद्यार्थी केन्द्रीत ढङ्गको बनाउनुपर्दछ र शिक्षक तालिम शिक्षण-सिकाइको अङ्ग बनोस् भन्नका लागि विद्यालयीय वा विद्यालयमा आधारित तालिमहरू

सञ्चालन गर्नुपर्दछ ।

शिक्षण पेशा मर्यादित बनोस् भन्ने उद्देश्यले योग्य शिक्षकहरूलाई मात्र शिक्षा क्षेत्रमा प्रवेश गराउनुपर्दछ र तिनको क्षमता विस्तारका लागि सङ्घीय राज्यहरूमा समेत केन्द्रीय र स्थानीय स्तरमा तालिम केन्द्रहरू सञ्चालन गरिनुपर्दछ । यसका लागि तालिम केन्द्र र तालिमलाई प्रमाणपत्र थाप्ने थलो नभई पेसागत सक्षमतामा आधारित विषय बनाउनु ।

लेखकले योग्य शिक्षकको नियुक्ति तथा त्यसलाई वर्तमान समयानुकुल सम्मानित, मर्यादित र जिम्मेवारीपूर्ण बनाउन तालिम पाठ्यक्रमलाई सक्षमतामा आधारित , व्यावहारिक, वैज्ञानिक र विद्यार्थी केन्द्रित बनाउन पर्ने कुरामा जोड दिएका छन् । यसका लागि शिक्षकलाई तालिम दिएर मात्र हुँदैन शिक्षकले आफै पनि दक्षता अभिवृद्धि गर्ने प्रयासमा लाग्नु पर्दछ ।  शिक्षण पेसा मर्यादित बनोस् भन्ने उद्देश्यले योग्य शिक्षकहरूलाई मात्र शिक्षा क्षेत्रमा प्रवेश गराउनुपर्दछ र तिनको क्षमता विस्तारका लागि सङ्घीय राज्यहरूमा समेत केन्द्रीय र स्थानीय स्तरमा तालिम केन्द्रहरू सञ्चालन गरिनुपर्दछ ।

धामी ( २०६५ ) का अनुसार तालिमको प्रभावकारिता सुनिश्चित गर्न तालिमलाई प्रणालीको रूपमा सञ्चालन गर्नुपर्दछ । यसमा तालिमको सञ्चालन तथा प्रयोगलाई प्रणालीका रूपमा विकास गरिनुपर्दछ । यिनीहरूका बीच निरन्तर अन्तर्क्रिया तथा सहकार्यबाट मात्र तालिमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । तालिमको प्रभावकारिता सुनिश्चित गर्न तालिम कार्यक्रमको विकासदेखि नै व्यक्ति तथा संस्थाको आवश्यकताअनुसार तर्जुमा गर्ने, सहभागितामा आधारित भै कार्यान्वयन गर्ने, सिकेका ज्ञान र सीपहरू कार्यस्थलमा प्रयोग गर्ने कुराले निर्धारण गरेको हुन्छ । तालिमले शिक्षणसिकाइमा गुणस्तरीयता हासिल गर्न सहयोग गर्दछ । तालिमले शिक्षकहरूको पेसागत क्षमता विकास गरेको हुन्छ । शिक्षकको पेसागत क्षमता विकास गर्न तालिम मात्रले पुग्दैनन् । यसका लागि कार्य वातावरण, उत्प्रेरणा जगाउने अन्य प्रावधान जस्ता पक्षहरू महत्वपूर्ण हुन्छन् । संस्था तथा व्यक्तिको विकासका लागि तालिम कार्यकम विकास गरिनुपर्दछ ।

तालिम कार्यक्रमलाई एउटा चक्रीय प्रक्रियाको रूपमा लिइन्छ । जसमा तालिम तर्जुमा तथा कार्यान्वयन देखि मूल्याङ्कनसम्म विभिन्न चरणहरू पार गरिन्छन् । तालिम कार्यक्रमको मूल्याङ्कन तथा अनुगमनबाट प्रभावकारिताको मापन गर्न सकिन्छ । तालिमका क्रियाकलापहरूलाई व्यावहारिक बनाई कार्यान्वयन गर्ने तथा कार्यस्थलमा प्रयोग गर्न व्यक्तिगत कार्ययोजना बनाउने तथा तालिमपश्चात् व्यक्तिको कार्यसम्पादनमा भएको गुणात्मक बृद्धिलाई तालिमको प्रभावकारिताको मापन गर्ने साधनका रूपमा लिन सकिन्छ । तालिम मूल्याङ्कनले तालिमबाट प्राप्त गरेका सीपहरू र ती सीपहरू सहभागीहरूले कति हदसम्म हासिल गर्न सकेको छ सोको कार्यस्थलमा प्रयोग गर्न सक्ने सम्भावनाको लेखाजोखा गर्दछ ।

तालिमको मूल्याङ्कनले तालिम कार्यक्रमको प्रभावकारिता तथा सहभागीको क्षमता विकासको अवस्थाका बारेमा लेखाजोखा गर्दछ । तर तालिममा सिकेका सीपहरू प्रयोग नहुने प्रवृत्तिले तालिमको उपादेयता माथि नै प्रश्न चिन्ह खडा गरेको हुन्छ । हरेक तालिम प्रदायक संस्थाहरूका लागि तालिममा सिकेका सीपहरू प्रयोग गर्ने गराउने कुरा समस्याका रूपमा रहेको छ । तालिम मूल्याङ्कनको कार्य प्रभावकारी हुन सकेन भने तालिमको प्रयोग कार्यस्थलमा हुन सक्दैन ।

तालिम सञ्चालन गर्ने संस्था तथा व्यक्तिले तालिम मूल्याङ्कनका साधन तथा प्रविधिहरूका विकास तथा प्रयोग गर्नु आवश्यक हुन्छ । तालिमबाट व्यक्ति तथा सङ्गठनको कार्यसम्पादनमा सुधार भई गुणस्तरीय सेवा उत्पादन तथा प्रवाह हुने कुराको अपेक्षा गरिएको हुन्छ । यसका लागि तालिमलाई व्यक्ति तथा संस्थाको आवश्यकतामा आधारित तथा मूल्याङ्कन कार्य व्यावहारिक बनाइनुपर्दछ ।

यस लेखमा शिक्षक विकासको लागि तालिमको अनिवार्यतालाई स्वीकार्दै तालिमको प्रभावकारी सञ्चालन तथा ततपश्चात कार्यक्षेत्रमा त्यसको प्रभावकारी कार्यान्वयनको अनुगमन एवं सुपरिवेक्षण समेतको व्यवस्था भएमा मात्र तालिमको उचित प्रतिफल आउन सक्ने कुरा उल्लेख गरेका छन् ।

शिक्षकको व्यावसायिक दक्षताको विकास गर्ने गराउने प्रक्रियाको थालनी शिक्षक प्रशिक्षण, तालिम र हाल शिक्षक शिक्षाको विकास भन्ने बृहत् क्षेत्र समेट्न शब्दावलीको प्रयोग गर्ने गरिएको छ । प्रशिक्षण तथा तालिमको सीमित अर्थबाट अव व्यावसायिक दक्षता र सीप विकासमा रूपान्तरण भएको छ । प्रशिक्षण तथा तालिम दिने संस्था, प्रशिक्षण र तालिम केन्द्रको प्रशिक्षक वा गुरुको बदला सहजकर्ता, मेन्टरले स्थान ओगटेको तथा विभिन्न संस्थागत र पेसाकर्मीहरूका बीचको सञ्जाल स्थापित गर्ने र विद्युतीय माध्यमद्धारा नयाँ कुराहरूको खोजी गर्ने, सिक्ने र सिकाउन सिकारुलाई उत्प्रेरित गर्ने कार्यलाई बढावा दिइएको छ ।

यस लेखमा लेखकले शिक्षकको क्षमता विकासको लागि शिक्षक प्रशिक्षण , तालिम जस्ता क्रियाकलापले मात्र शिक्षकको दक्षता वृद्धि सम्भव नभई शिक्षकको व्यावसायिक दक्षता र सीप विकासलाई समेटने गरी शिक्षक विकासको लागि एउटा निरन्तर सञ्जालको प्रक्रियागत शुरुवातको आवश्यकता रहेको कुरामा जोड दिएका छन् ।

लम्साल (२०६६) का अनुसार शिक्षक पेसामा शैक्षिक स्तर राम्रो भएको व्यक्तिलाई आकर्षण गर्न सकिएको खण्डमा समग्र शैक्षिक पक्षमा सुधार ल्याउन सकिन्छ भन्ने अपेक्षा सबै क्षेत्रबाट गरिएको पाइन्छ । राम्रो शैक्षिक स्तर भएका मध्यबाट प्रतिस्पर्धामा मात्र शिक्षक नियुक्ति गर्ने प्रचलनलाई व्यवहारमा कडाइका साथ लागू गर्न र उनीहरूलाई आफ्नो पेसाप्रति निष्ठावान् बनाउन सकियो भने समग्र शैक्षिक अवस्थालाई उच्चस्तरको बनाउन सकिन्छ । शिक्षाको गुणस्तरको लागि धेरै पक्षको प्रभाव छ भन्ने कुरालाई स्विकार्दा स्विकार्दै पनि शिक्षक एउटा प्रमुख निर्धारक हो भन्ने कुरामा सबै सरोकारवालाहरूको मान्यता रहेको पाइन्छ । शिक्षकलाई विद्यार्थीको भविष्य निर्माणकर्ता र प्राज्ञिक व्यक्तित्वको रुपमा लिइन्छ जसले समाजलाई शैक्षिक नेतृत्व प्रदान गरिरहेको हुन्छ ।

शिक्षण पेशामा आवद्ध शिक्षकलाई ज्ञानको संवाहकको रुपमा समाजले विशिष्ट स्थान दिएको हुन्छ । शिक्षकसँग भएको ज्ञानबाट विद्यार्थीहरुको बौद्धिक क्षमताको विकास हुन गई कुशल आचरणको निर्माणमा सहयोग पुर्‍याउँछ । विद्यार्थीहरुको सिकाइ उपलब्धि हासिल गराउने महत्वपूर्ण घटक शिक्षक नै हो । तसर्थ गुणस्तरीय र प्रभावकारी शिक्षण सिकाइको लागि

शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ र शिक्षकमा पेशागत दक्षता अनिवार्य रुपमा हुनु पर्दछ ।

आधुनिक अर्थमा बालकको रुचि र क्षमता अनुसार ज्ञान र सीप प्रदान गरी सामाजिक वातावरणमा समायोजन गराउनु शिक्षण हो । शिक्षणका बारेमा विभिन्न विद्वानहरुले विभिन्न अनुसन्धान गरी शिक्षणका सिद्धान्तहरु, शिक्षण विधिहरु, शिक्षकका कर्तव्यहरु, असल शिक्षकका गुणहरुको बारेमा उल्लेख गरेका छन् । जस मध्ये एउटा असल शिक्षकमा विषयगत दक्षता, अन्य विषयसँगको सम्बन्ध, नयाँ नयाँ ज्ञानको खोजी र प्रयोग, अनुशासन, राम्रो चरित्र, व्यक्तिगत विभिन्नताको जानकारी, राम्रो र स्पष्ट संचार, सहयोगीपन, सेवारुपी भावना, इमान्दार र कर्तव्यनिष्ठ, सहनशील, स्वाबलम्बी, सृजनात्मक विचार, परिश्रमी र राष्ट्रिय आवश्यकताको जानकारी राख्न सक्ने जस्ता गुणहरु हुनुपर्दछ ।

पेशागत दक्षताले शिक्षण प्रविधि र शिक्षण विज्ञानको सिद्धान्तलाई समेटेको छ । एउटा दक्ष शिक्षकले मात्र शैक्षिक गुणस्तरलाई बढाउन सक्छन् । दक्ष शिक्षकमा तयारी र योजना सम्बन्धी ज्ञान, कक्षाकोठा व्यवस्थापन सम्बन्धी ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी ज्ञान तथा पेशागत जिम्मेवारी सम्बन्धी ज्ञान हुनु आवश्यक छ ।

शिक्षाको गुणस्तर अभिवृद्धि गरी शिक्षामा समसामयिक सुधार ल्याउनका लागि शिक्षकको शिक्षण सिकाइ क्षमताको विकास आवश्यक छ । शिक्षकको प्रमुख कार्य विद्यार्थीलाई सिकाउनु हो । शिक्षण एक जटिल र सीपमूलक क्रियाकलाप हो । शिक्षकले आफनो पेशागत दक्षताको प्रदर्शन गरेर शिक्षण सम्बन्धी विभिन्न सिद्धान्तहरुको संयोजन गरी सिकाइलाई प्रभावकारी बनाउन विभिन्न किसिमका कक्षा क्रियाकलाप संचालन गर्दछ । शिक्षकले गर्ने सम्पूर्ण क्रियाकलापहरु उसको आफनो पेशागत दक्षतामा भर पर्दछ ।

शिक्षक तालिमले शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्दछ । शिक्षकलाई उनीहरुले तालिमबाट सिकेका ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउनको लागि शिक्षक तालिम प्रभावकारी बनाउनु पर्दछ । यसरी प्रभावकारी शिक्षक तालिम भएमा शिक्षकको गुणस्तरमा सुधार आई विद्यार्थीको सहभागिता वृद्धि हुनाको साथै उनीहरुको रुचि चाहनाले समेत प्रश्रय पाउँछ । यसरी तालिम पेशागत कार्यमा दक्षता प्रदान

गर्नु हो । तालिमले क्रियात्मक पक्षमा बढी जोड दिन्छ तसर्थ शिक्षक तालिम भनेको प्रभावकारी ढंगले शिक्षण गर्नका लागि आवश्यक पेशागत दक्षता प्रदान गर्न सिकाउने शिक्षण सीप, ज्ञान र प्रशिक्षण हो । जसबाट आफनो पेशालाई सफलतापूर्वक अपनाउन सकिन्छ ।

तालिम भनेको एउटा साधन हो जसबाट कुनै पनि व्यक्तिले आफूमा भएको ज्ञान, सीप र अभिवृत्तिलाई परिष्कृत गर्न, पुनर्ताजगी गर्न वा आफुमा भएको अभाव पूर्ति गर्न वा कमी कमजोरी हटाउन आवश्यक ज्ञान, सीप वा धारणा प्राप्त गर्दछ ।

शिक्षकको कक्षाकोठा वातावरण, शैक्षिक सामग्रीको प्रयोग तथा पाठ्यपुस्तकको प्रयोग अन्तर्गत पाठ्यपुस्तक निर्देशित शिक्षण बाहेक पाठको शुरुवात, शिक्षण विधिको प्रयोग, पाठ्यपुस्तकको प्रयोग, प्रश्न उत्तर, पाटीको प्रयोग र पाठको अन्त्यमा गरिने क्रियाकलापको समष्टीगत मूल्याङ्कन गर्दा दुबै स्रोतकेन्द्रका तालिम प्राप्त शिक्षक बढी सकारात्मक रहेको पाइयो । तालिमबाट प्राप्त सम्पूर्ण ज्ञान तथा सीपलाई कक्षाशिक्षणमा प्रभावकारी रुपले प्रयोग गर्न उपयुक्त सिकाइ वातावरणको अभाव र शिक्षकमा यदाकदा देखिने समर्पण र प्रतिबद्धताको कमि नै प्रमुख बाधाको रुममा पाइयो रहेका उल्लेख छ ।

तिमिल्सिना(२०६७) का अनुसार तालिमबाट सिकेका ज्ञान र सीपको प्रयोग कक्षाकोठामा कति प्रभावकारी भएको छ भने कुरा अध्ययन गरेका छन् । उक्त अध्ययनमा निकालिएका निष्कर्ष यस प्रकार छन् । अधिकांश शिक्षकले सृजनात्मक शिक्षण प्रविधिको प्रयोग नगरेका र साथै आफनो कार्यक्षमताको प्रतिबिम्बन र विस्तार पनि गर्न नसकेका छन् । त्यसको कारण न्यून शैक्षिक योग्यता हो । साथै शिक्षकको समर्पण र उत्प्रेरणामा कमी देखिएको कारणले नै तालिममा सिकेका ज्ञान र सीप कक्षाकोठामा कम मात्रामा मात्र पुगेको हो ।

उपरोक्त अध्ययनबाट के स्पष्ट हुन्छ भने नेपालमा शिक्षक विकासको लागि ३० वर्ष देखि हुँदै आएको प्रयासबाट हालसम्म पनि कक्षा शिक्षणमा सकारात्मक परिवर्तन आउन सकेको छैन । सो परिवर्तन वर्तमान अपेक्षा तथा त्यसको लागि गर्न सकिने उपायहरुको खोजी गर्न साहित्यहरुको पुनरावलोकन गर्दा शिक्षक विकासको लागि नेपाल सरकारले लिएको लक्ष्य र

बदलिँदो शिक्षकको भूमिका यस प्रकार उल्लेख भएको देखियो ।

सेरिड (२०६४) का अनुसार कक्षाको बसाइ व्यवस्था, सामग्री प्रदर्शन र शिक्षण-सिकाइ प्रक्रियामा उल्लेखनीय प्रगति भएको देखिन्छ । यी कार्यक्रमहरुबीच यिनमा गरिने धेरैजसो प्रयोगहरु र त्यससँग जोडिएर देखापरेका सवाल र समस्याहरु समान छन् । कार्यक्रमहरुबीच अनुभव आदान-प्रदान गर्ने र एक अर्कासँग सिक्ने परिपाटीको विकास गरिनु वाञ्छनीय देखिन्छ । कक्षा शिक्षण-सिकाइको गुणस्तर उकास्नका लागि राम्रा कुराहरुको सबलीकरण र तिनको मूलप्रवाहीकरण आवश्यक छ । बाल केन्द्रित विधिको अभ्यासमा देखिएका प्रभावकारी र सफल कुराहरुलाई मूलप्रवाहीकरण गर्नका लागि परीक्षणको सिद्धान्त र व्यवहारमा आधारित कार्यक्रमहरु उपयोगी हुन सक्छन् ।

भिगोत्स्की (सन् १९३०) का अनुसार सिकाइमा साँस्कृतिक र सामाजिक परिवेशको प्रभावमा जोड दिँदै खोज सिकाइका नमूनाको समर्थन गरेका छन् । यस प्रकारको नमुनामा शिक्षकको सक्रिय भूमिका हुन्छ भने विद्यार्थीको मानसिक क्षमताको विकास स्वभाविक रुपले खोजका विविध बाटाहरु मार्फत गरिन्छ । प्रत्येक सिकारु वातावरणसँगको अन्तरक्रियाबाट ज्ञानको निर्माण गर्दछ र सिकाइ प्रक्रियामा सिकारु र वातावरण दुवैमा परिवर्तन हुन्छ । यस सिद्धान्त अनुसार सिद्धान्त र अभ्यास कुनै खाली ठाउँ वा आकाशमा नभई तिनीहरुलाई साँस्कृतिक परिकल्पनाहरुले प्रभावित गर्दछन् । यस सिद्धान्तलाई सामाजिक-साँस्कृतिक सिकाइ सिद्धान्तका रुपमा लिइन्छ, जसमा सिकारुले सामाजिक-साँस्कृतिक परिवेश, भाषा, व्यक्तित्वहरु मध्येको अन्तरक्रिया, छलफल, संगत र प्रत्यक्ष प्रभावबाट सिकाइको निर्माण गर्दछ ।

सिकाइ एक सक्रिय प्रक्रिया हो जसमा सिकारुले आफनो वर्तमान/पूर्वज्ञानको आधारमा नयाँ विचार र धारणाको निर्माण गर्दछन् । सिकारुले सूचनाहरुको छनौट गरेर परिकल्पनाको निर्माण गर्दछन् एर्व तत्पश्चात आफनो अनुभवको आधारमा निर्णय गरी ज्ञानको निर्माण गर्दछन् । सिकाइ वातावरणको निर्माणले पनि सिकारुलाई सिक्न र ज्ञान निर्माणको लागि सोच्न मदत गरिरहेका हुन्छन् । सामाजिक निर्माणवादी सिद्धान्त अनुरुप शिक्षण सिकाइ गर्न शिक्षकको भूमिका निर्देशक होईन सहजकर्ताको रुपमा हुनुपर्दछ । शिक्षकको भूमिकामा

आएको यसप्रकारको नाटकीय परिवर्तनले गर्दा शिक्षक एउटा सहजकर्ताको रुपमा काम गर्न धेरै किसिमको सीपहरुको संगालोले मद्दत पुऱ्याउँदछ ।

यसरी पेशागत दक्षता सम्बन्धी विभिन्न साहित्यहरुको पूनरावलोकन गर्दा वास्तवमा शिक्षकको पेशागत दक्षताको समान आधार बनाएर सोही अनुसार अनुगमन तथा सहयोगको व्यवस्था गर्न सकियो भने शिक्षाको गुणस्तरलाई माथि उकास्न सकिन्छ । शिक्षक विकासको लागि नेपाल सरकारले समय-समयमा विभिन्न कार्यक्रमको सञ्चालन गरेर वा निरन्तर रुपमा विश्वविद्यालयको मार्फत शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने प्रयास गरेको भए तापनि गुनासो यथावत रहेको छ । हालसम्म पनि विद्यार्थीको सिकाइ उपलब्धि माथि उकास्न सकिएको छैन । हाल सम्म भएका अध्ययन अनुसन्धानहरु मध्ये उपलब्ध भएका अध्ययन अनुसन्धान एवं लेख रचनाहरुलाई हेर्दा शिक्षकको पेशागत दक्षताको विश्लेषण भन्दा पनि कक्षा शिक्षण , शिक्षण विधि र प्रविधमा बढी जोड दिएको पाएँ । उपरोक्त अध्ययनहरु मध्ये अधिकांश अध्ययनमा शिक्षकलाई व्यवहारवादी वा प्रयोजनवादी सिद्धान्त अनुसार मूल्याङ्न गरिने प्रयास गरेको पाएँ ।

नेपालका शिक्षकले फरक-फरक तरिकाबाट पेशागत दक्षता प्राप्त गरेको भए तापनि सेवाकालिन तालिमको प्रभावकारिता हेर्ने काम मात्र भएको देखिन्छ । उपरोक्त अध्यययनहरुमा कक्षाकोठा व्यवहारलाई मात्र हेरेर शिक्षकको पेशागत दक्षता विश्लेषण गर्ने कार्य गरिएका छ तर शिक्षकको पेशागत दक्षता सम्बन्धी अन्य कुराहरुको पनि व्याख्या विश्लेषण पनि गर्नु पर्ने हुन्छ । सामाजिक निर्माणवादी सिद्धान्त अनुरुप शिक्षण सिकाइ गर्न शिक्षकको भूमिका निर्देशक होईन सहजकर्ताको रुपमा हुनुपर्दछ । शिक्षकको भूमिकामा आएको यसप्रकारको नाटकीय परिवर्तनले गर्दा शिक्षक एउटा सहजकर्ताको रुपमा काम गर्न धेरै किसिमको सीपहरुको संगालोले मद्दत पुऱ्याउँदछ ।

तसर्थ यस अनुसन्धानमा सामुदायिक विद्यालयमा कार्यरत माध्यमिक शिक्षकको वर्तमान समयको माग र शिक्षकको भूमिका अनुसारको निर्माणवादी सिद्धान्तमा आधारित पेशागत उत्तरदायित्व सम्बन्धी दक्षताको व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

सैद्धान्तिक खाका अनुसन्धान कार्यका लागि मार्ग निर्देशन गर्ने सैद्धान्तिक संरचनामा कार्यात्मक उपकरण हो जसको माध्यमद्धारा अनुसन्धानकर्ता विश्वसनीय निष्कर्षमा पुग्न सफल हुन्छ । अनुसन्धानमा सैद्धान्तिक अवधारणा संरचनागत स्वरुपको रुपमा रहन्छ र यसले अनुसन्धानलाई निश्चित दिशा दिनका लागि सैद्धान्तिक आधार प्रदान गर्दछ । यसले चरहरुबीचको सम्बन्धलाई निर्दिष्ट गर्ने घटनाको व्यवस्थित विचार दिनका लागि सैद्धान्तिक आधार प्रदान गर्दछ । अर्थात कुनै पनि अनुसन्धानको कार्यलाई सही दिशामा अगाडी बढाउनको लागि मूख्य आधार प्रदान गर्ने कुरा सैद्धान्तिक खाका भएकोले यो अनुसन्धानको लागि निर्माणवादी शिक्षण सिकाइलाई आधार बनाईएको छ ।

सन् १९९६ मा चार्लोट डेलियल्सनले प्रतिपादन गरेको Enhancing Professional Practice : A Framework for teaching नामक ढाँचालाई यस अध्ययनको मुख्य सैद्धान्तिक खाका मानिएको छ । यो ढाँचा अनुसार शिक्षकमा हुनुपर्ने पेशागत दक्षतालाई ४ वटा क्षेत्रको रुपमा उल्लेख गरिएको छ । यस आधारमा शिक्षकको पेशागत दक्षताको बारेमा व्याख्या विश्लेषण गर्न सकिन्छ । यस सिद्धान्तमा पहिलो क्षेत्रको रुपमा योजना एवं तयारी सम्बन्धी दक्षतालाई राखेका छन् । दोस्रो क्षेत्रको रुपमा कक्षाकोठा व्यवस्थापन सम्बन्धी दक्षतालाई राखेका छन् । तेस्रो क्षेत्रको रुपमा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी दक्षतालाई राखेका छन् भने चौथो क्षेत्रको रुपमा पेशागत जिम्मेवारी सम्बन्धी दक्षतालाई राखेका छन् ।

उनले निर्माणवादी सिद्धान्त अनुसार शिक्षण सिकाइ का जटिल क्रियाकलापहरुलाई ४ वटा क्षेत्रको रुपमा वर्णन गरेका छन् । जसमध्ये अध्ययनको परिसिमामा उल्लेख गरिए अनुसार पेशागत उत्तरदायित्व सम्बन्धी दक्षताको मात्र आधार मानेर अध्ययना गरिएको छ । यस सिद्धान्तमा शिक्षकमा पेशागत उत्तरदायित्व सम्बन्धी दक्षताको लागि प्रतिबिम्बन सम्बन्धी दक्षता, अभिलेख सम्बन्धी दक्षता, अभिभावकसँग सञ्चार सम्बन्धी दक्षता, पेशागत विकासको प्रयास सम्बन्धी दक्षता, शैक्षणिक विकासमा योगदान सम्बन्धी दक्षता र पेशागत दक्षता प्रदर्शन सम्बन्धी दक्षता हुनु पर्ने उल्लेख गरिएको छ । उक्त ढाँचाको उपयोग गरेर शिक्षकमा भएको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षताको बारेमा व्याख्या विश्लेषण गर्न सकिन्छ । तसर्थ उक्त ढाँचालाई नै यस अनुसन्धानको लागि आधारको रुपमा उपयोग

गरिएको छ । यस अध्ययनमा शिक्षकको पेशागत दक्षताको वर्तमान अवस्थाको पहिचान, पेशागत दक्षतामा देखिएका समस्या र त्यसले शिक्षण सिकाइमा पारेका प्रभाव एवं ती समस्यालाई समाधान गर्ने उपायको खोजी गर्ने उद्देश्य राखिएकोले यो सिद्धान्त अध्ययनको उद्देश्यसँग मेल खाने भएकोले यसलाई उपयोग गरिएको छ ।

## २.३ अनुसन्धानका लागि पुनरावलोकनको उपादेयता

कुनै पनि अध्ययन अनुसन्धान गर्नको लागि सो विषयमा भएका पूर्व अध्ययनको जानकारी हुनु आवश्यक छ । यस अध्ययनको क्रममा गरिएको साहित्यहरुको पुनरावलोकन गर्दा थप अनुसन्धानको आवश्यकता रहेको देखियो । साथै पुनरावलोकनबा अध्ययनको सैद्धान्तिक ढाँचाको छनोट गर्न समेत मदत पुगेको छ । अध्ययनलाई अगाडी बढाउनको लागि आवश्यक पर्ने अनसन्धानात्मक ढाँचा, विधि तथा तथ्याङ्क सङ्कलनका साधनहरुको समेत मार्ग निर्देशन पाएको छु । त्यस्तै संकलित तथ्याङ्कको व्याख्या विश्लेषण गर्न समेत सहयोग पुगेको छ । साहित्यहरुको पुनरावलोकनबाट अध्ययन अनुसन्धान गर्ने र सोको प्रतिवेदन लेखनमा समेत सहयोग पुगेको छ ।

यो अध्ययनको विषयवस्तु वृहत भएको तर कम स्रोत र साधनमा गर्न खोजिएकोले अझै यो विषयका अध्ययन अनुसन्धान हुनुपर्ने जज्ञासा सरकार तथा गैरसरकारी स्तरमा उत्पन्न गर्न सक्ने अपेक्षा गरिएको छ । यस अध्ययनमा शिक्षकको पेशागत दक्षता पहिचान गर्ने भएकोले कुन पेशागत दक्षता छ र कुन छैन भने कुरा पत्ता लाग्यो भने आगामी कार्यक्रममा र साथै शिक्षक आफैले पनि सो दक्षता प्राप्त गर्न सक्छ ।

यस अध्ययनमा फरक अवस्थाका शिक्षकको पेशागत दक्षता बीच भिन्नता पत्ता लगाई सोको कारण र भिन्नता न्यून गर्ने उपाय पनि विश्लेषण गरिने भएकोले यसले समग्रमा शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरी विद्यालय स्तरको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउन सक्दछ । साथै नीति निर्माण तहमा पनि शिक्षक तालिमको सम्बन्धमा र शिक्षकको योग्यता सम्बन्धमा रहेको तरलतालाई अन्त्य गर्न यस्तै अध्ययन अनुसन्धानलाई राष्ट्रिय स्तरमा सामान्यीकरण गर्न सक्ने स्तरमा गरेर प्रभावकारी नीति निर्माणको लागि एउटा सानो शरुवातको रुपमा लिन सकिन्छ । यस अध्ययनले शिक्षक मूल्याङ्कनको लागि

मानक निर्धारण गर्न पनि मद्दत गर्न सक्ने अपेक्षा गरिएको छ ।

यस अध्ययनमा प्रयोग गरिएका सिद्धान्तले शिक्षकमा पेशागत दक्षताको पहिचान, दक्षता न्यून हुने कारण र ती कारणलाई हटाई दक्षता प्राप्त गर्न सक्ने उपाय समेतको खोजी गर्ने भएकोले समग्रमा विद्यालय स्तरको शिक्षालाई गुणस्तरीय बनाउन यो अध्ययनले एउटा स्रोत सामग्रीको रुपमा मदत पुऱ्याउने आशा गरिएको छ । यस अध्ययनमा प्रयोग गरिएको सिद्धान्तले शिक्षकको पेशागत दक्षतालाई वर्तमान समय सापेक्ष विद्यार्थीको रुचि, क्षमता एवं गति अनुसारको शिक्षण सिकाइ गर्नको लागि शिक्षक विकास गर्न एवं सोही अनुसार मूल्याङ्कन गर्नको लागि उपयोग गर्न सकिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अध्ययन विधि भनेको अध्ययन कार्य सञ्चालन गर्दा अपनाइने विधि र प्रक्रिया हो । कुनै पनि अध्ययनलाई व्यवस्थित तरिकाले अगाडी बढाउन सैद्धान्तिक खाका अनुरुप र अनुसन्धानको उद्देश्य पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कहरुको संकलन, व्याख्या र विश्लेषणका विधि समेत अध्ययन विधिले निर्दिष्ट गर्दछ । अनुसन्धानको सैद्धान्तिक खाका तथा त्यससँग सम्बन्धित सम्पूर्ण पक्षलाई प्रष्टयाउने काम गर्दछ । कुनै पनि अनुसन्धानलाई अगाडी बढाउन अध्ययन विधि स्पष्ट हुनु पर्ने अवधारणा अनुरुप नै यो अनुसन्धानको लागि निम्नानुसारको अध्ययन विधि र प्रक्रिया प्रयोग गरिएको थियो ।

## ३.१ अनुसन्धाना ढाँचा

अनुसन्धानका लागि आवश्यक तथ्याङ्कहरुको सङ्कलन तथा विश्लेषण कम लागतमा सान्दर्भिक हुन सकोस भनी गरिने व्यवस्था नै अनुसन्धान ढाँचा हो । अनुसन्धान ढाँचा एउटा ब्लुप्रिन्ट हो जसले अनुसन्धानका कम्तीमा ४ वटा समस्याका बारेमा बताउँछ । पहिलो, कुन प्रश्नहरुको अध्ययन गर्ने ? दोस्रो, कुन तथ्याङ्क विश्वसनीय हुन्छ ? तेस्रो, कस्तो तथ्याङ्क संकलन गर्ने ? र चौथो, ती तथ्याङ्कहरुलाई कसरी व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने समेत अनुसन्धान ढाँचा एक अवधारणासँग सम्बन्धित बनाबट वा संरचना हो जसका आधारमा अनुसन्धान सम्पन्न गरिन्छ, यो तथ्याङ्कको सङ्कलन, मापन र विश्लेषण गर्ने पद्धतिको योजना एवं खाका हो । जोनसन र जोसलीन (सन् १९८९) का अनुसार प्रस्तावित अध्ययनको उद्देश्य हासिल गर्ने अपेक्षा गरी बनाइएको योजना अनुसन्धान ढाँचा हो । अनुसन्धानका प्रश्नहरुको जवाफ प्राप्त गर्न तथा विचलनहरुलाई नियन्त्रण गर्न बनाइने खोजको योजना, संरचना तथा कार्यनीति नै अनुसन्धान ढाँचा हो ।

जोन र जेम्स (२००४) ले अनुसन्धानलाई संख्यात्मक र गुणात्मक अनुसन्धान ढाँचाको रुपमा व्यक्त गरेका छन् । उनका अनुसार गुणात्मक ढाँचामा अनुसन्धानकर्ताले आफनो आवश्यकता अनुसार फेरबदल गर्ने तथा त्यसको व्याख्या विश्लेषणमा लचिलोपना हुन्छ भने

संख्यात्मक ढाँचामा तथ्याङ्क संकलनका साधनहरु देखि लिएर त्यसको व्याख्या विश्लेषणसम्म निश्चित र पूर्वनिर्धारित गरिएको हुन्छ । केशवेल जोन (२००४) ले यी दुवै ढाँचालाई संगसँगै एउटै अनुसन्धानमा प्रयोग गर्न सक्ने गरी मिश्रित अनुसन्धान ढाँचाको अवधारणामा केही गुणात्मक र केही संङ्ख्यात्मक दुवैको संयुक्त रुपमा प्रयोग गरिएको छ । यो अनुसन्धानमा राखिएको उद्देश्यहरुमा केही संङ्ख्यात्मक र केही गुणात्मक गुण बोकेका विशेषताहरुको व्याख्या विश्लेषण गर्नु पर्ने भएकोले केशवेलले दिएका मिश्रित ढाँचाको अवधारणा अनुसार नै अनुसन्धानलाई अगाडी बढाउने काम गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमुना

कुनै पनि अध्ययनलाई अगाडि बढाउनको लागि अनुसन्धानको जनसङ्ख्या निश्चित एवं निर्धारित हुनु पर्दछ । जोन एवं जेम्सका अनुसार अध्ययनको जनसङ्ख्या भन्नाले त्यो मानिस वा समूहको सम्पूर्ण संख्या बुझिन्छ जसको अध्ययन अनुसन्धानकर्ताले गर्दछ । उहाँका अनुसार अनुसन्धानकर्ताले त्यहाँको सम्पूर्ण जनसंख्या वा आफनो अध्ययनको विषयवस्तु अनुसार निश्चित गुणका आधारमा तोकेको मानिसहरुको संख्या नै अध्ययनको जनसङ्ख्या हो । यस अध्ययनको लागि धनुषा जिल्लाका सामुदायिक विद्यालयमा कार्यरत माध्यमिक शिक्षकलाई अध्ययनको जनसङ्ख्याको रुपमा राखिएको छ ।

यस जिल्लामा अवस्थित ११ वटा स्रोत केन्द्रमध्ये २ वटा स्रोत केन्द्र ( एउटा नगराईन स्रोत केन्द्र र अर्को जनकपुर स्रोत केन्द्र ) अन्तर्गका १७ वटा सामुदायिक विद्यालयमा कार्यरत ८५ जना माध्यमिक शिक्षक, १७ जना प्रधानाध्यापक, प्रत्येक विद्यालयबाट ४ जना विद्यार्थी पर्ने गरी ६८ जना विद्यार्थी र ती विद्यार्थीका अभिभावक ६८ जना,वि.व्य.स. पदाधिकारी १७ जना एवं प्रशिक्षक ६ जना गरी जम्मा २६१ जनालाई यस अध्ययनको जनसङ्ख्याको रुपमा मानिएको छ ।

अनुसन्धानकर्ता सम्पूर्ण जनसङ्ख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकाले आफनो अध्ययनलाई उपयुक्त एवं सम्भव हुन सक्ने गरी जनसङ्ख्याबाट नै प्रतिनिधिमूलक केही एकाईहरुको छनोट गरिन्छ । कौलका अनुसार नमूना जनसङ्ख्याबाट झिकिएको एक

सानो समूह हो जसले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्दछ । यस अध्ययनको लागि नमुना छनोट निम्नानुसार गरिएको छ ।

यस जिल्लामा रहेका ११ वटा स्रोतकेन्द्रहरु मध्ये उद्देश्यमूलक नमुना छनोट विधि अनुसार शहरी क्षेत्रबाट १ वटा जनकपुर स्रोत केन्द्र तथा ग्रामीण क्षेत्रबाट १ वटा नगराईन स्रोत केन्द्र गरी जम्मा २ वटा स्रोतकेन्द्रलाई नमुनाको रुपमा छनोट गरिएको छ ।
नगराईन स्रोत केन्द्रमा ७ वटा र जनकपुर स्रोत केन्द्रमा ९ वटा विद्यालय पर्ने भएकोले विद्यालयको कोड अनुसार १, ३, ५ र ७ कोड भएका विद्यालय तथा जनकपुर स्रोत केन्द्रबाट २, ४, ६ र ८ कोड नं. भएका विद्यालयलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट प्रत्येक स्रोतकेन्द्रबाट ४ वटा माध्यमिक विद्यालयको छनोट गरिएको छ जसको विवरण अनुसुची १ मा राखिएको छ ।

छनोटमा परेका प्रत्येक विद्यालयका प्रधानध्यापक गरी जम्मा ८ जना प्रधानाध्यापकलाई नमुनाको रुपमा छनोट गरिएको ।शिक्षक, विद्यार्थी, अभिभावक र वि.व्य.स. पदाधिकारीका छनोट : छनोट गरिएका प्रत्येक विद्यालयबाट २ जना शिक्षक, ४ जना विद्यार्थी, २ जना अभिभावक तथा १ जना वि.व्य.स.का पदाधिकारीलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट गरिएको छ ।

यस जिल्लामा रहेका शिक्षक तालिम केन्द्रका ३ जना र शिक्षक तालिम उपकेन्द्रका ३ जना गरी जम्मा ६ जना प्रशिक्षकको छनोट उद्देश्यमूलक नमूना छनोट विधिबाट गरिएको छ । छनोट गरिएको अध्ययनको नमूनाको विवरण अनुसूची १ मा राखिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

तथ्याङ्कहरु जहाँबाट प्राप्त गर्न सकिन्छ त्यस क्षेत्रलाई तथ्याङ्कको स्रोत मानिन्छ । अनुसन्धानको प्रकृतिअनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरु फरक-फरक हुन सक्छन् । साधारणतया तथ्याङ्कका स्रोतहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक सङ्कलन र प्रयोग गरिएका तथ्याङ्कहरु प्राथमिक स्रोत अन्तर्गत पर्दछन् (खनाल, २०६५) । यस अनुसन्धानको प्रकृति र उद्देश्यको आधारमा प्राथमिक तथ्याङ्कको स्रोत नै बढी आवश्यक रहेको ठानिएको छ । यस अनुसन्धानको लागि प्रयोग गरिने तथ्याङ्कहरु संकलन गर्न प्रश्नावली, अन्तर्वार्ता र समुह छलफल जस्ता साधनहरुको प्रत्यक्ष रुपमा प्रयोग गरेर प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको थियो । यस अध्ययनको लागि प्राथमिक स्रोतको रुपमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी र प्रशिक्षकलाई लिईएको छ ।

### ३.३.२ द्धितीय स्रोत

घटनाको प्रत्यक्ष जानकारी नभएको तर अन्य माध्यमहरुबाट संकलन गरिएको तथ्यमा आधारित विवरण सहायक स्रोत हो । विद्यालयको निरीक्षण पुस्तिका, वि.नि. र स्रोत व्यक्तिले भर्ने निरीक्षण फारम अन्य व्यक्तिसँग सत्य तथ्य विवरण सोधखोज गरी द्वितीय तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनको लागि फल्यास रिपोर्ट, विद्यालयको निरीक्षण पुस्तिका तथा शिक्षा विभागका अध्ययन अनुसन्धानका रिपोर्टहरुलाई सहायक स्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधन

अनुसन्धानका क्रममा प्रयोग गरिने सुचना, तथ्य, प्रमाण, जानकारी तथा आँकडाहरुलाई तथ्याङ्क भनिन्छ (खनाल, २०६२) । अनुसन्धानको उद्देश्य अनुरुप नै त्यसको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नु पर्ने हुन्छ । आवश्यक तथ्याङ्क अनुरुप नै साधन पनि प्रयोग गर्नुपर्दछ । तथ्याङक सङ्ख्यात्मक र विवरणात्मक दुवै हुन सक्दछ । यस अनुसन्धानको लागि गुणात्मक र सङ्ख्यात्मक दुवै तथ्याङ्कको आवश्यकता भएकोले दुवै किसिमका तथ्याङ्कहरु संकलन गर्नको लागि निम्नानुसारको साधनको प्रयोग गरिएको छ ।

### ३.४.१ प्रश्नावली

मनोवैज्ञानिक, सामाजिक, शैक्षिक इत्यादि विषयसँगा सम्बन्धित शृङ्खलाबद्ध प्रश्नहरु संलग्न त्यो साधन हो जसलाई अनुसन्धानका समस्याहरु समाधान गर्ने उद्देश्यले व्यक्ति तथा व्यक्तिहरुको समूहमा पठाईन्छ । प्रश्नवलीलाई संरचित, असंरचित, खुला, बन्द, मिश्रित र चित्रात्मक आदि भागमा वर्गीकरण गरिएको छ । यस अनुसन्धानमा मिश्रित प्रश्नावलीको प्रयोग गरिएको छ । प्रश्नावलीको प्रयोग प्रशिक्षक, शिक्षक, प्र.अ. र स्रोत व्यक्तिबाट तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको छ । यस अनुसन्धानको लागि प्रयोग गरिएको प्रश्नावलीहरुको नमूना अनुसूची एक मा राखिएको छ ।

### ३.४.२ अर्न्तवार्ता

अन्तर्वार्ता सञ्चार आदान प्रदान वा अन्तरक्रियाको त्यो विधि हो जसमा अन्तर्वार्ता लिने र दिने व्यक्ति आमने सामने भएर मौखिक रुपमा आवश्यक जानकारीहरु लिने दिने गर्दछन् । यस अनुसन्धानको लागि अन्तर्वार्ताको लागि तयार गरिएको अनुसूची अनुसार प्रत्येक विद्यालयका वि.व्य.स. पदाधिकारी , अभिभावक एवं विद्यार्थीसँग प्रत्यक्ष रुपमा भेटी अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । यसको नमुना अनुसूची २ राखिएको छ ।

### ३.४.३ समूह छलफल

यस अनुसन्धानको लागि आवश्यक पर्ने तथ्याङ्कमा गुणात्मक तथ्याङ्क पनि भएकोले त्यसको विश्वनियता कायम गर्न प्रत्येक स्रोत केन्द्रबाट २ वटा विद्यालय पर्ने गरी जम्मा ४ वटा विद्यालयमा प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक एवं वि.व्य.स. पदाधिकारीलाई राखेर समूह छलफल गराईएको थियो । उक्त समूह छलफलमा यस अध्ययनको उद्देश्य अनुरुपका नै छलफल गराई निष्कर्षमा पुग्ने प्रयास गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धानको उद्देश्य अनुरुप तथ्याङ्क संकलन गर्नको लागि निर्माण गरिएका साधनहरुको प्रयोग प्रत्यक्ष रुपमा भेटी अथवा सो साधनहरु अप्रत्यक्ष माध्यमबाट पठाएर तथ्याङ्क

संलकन गर्न सकिन्छ । यस अनुसन्धानको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नको लागि प्रत्येक विद्यालयमा १ दिनको लागि आफै पुगी त्यहाँ कार्यरत शिक्षक, प्र.अ., स्रोत व्यक्ति, वि.व्य.स. पदाधिकारी, विद्यार्थी तथा अभिभावकहरुबाट तथ्याङ्क संकलनको लागि तयार गरिएको थियो भने प्रशिक्षक ज्यूहरुसँग तालिमकेन्द्रमा भेटी प्रश्नावली भराउन साधनहरुको प्रयोग गरी प्रत्यक्ष भेटी तथ्याङ्क संकलन गरिएको थियो । त्यस्तै समूह छलफलको लागि छनोट गरिएको विद्यालयहरुमा समय तय गरी आफै त्यहाँ पूगी छलफल संचालन गरेर निष्कर्षको अभिलेख राखिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

व्यक्तिगत रुपमा संकलित कोरा तथ्याङ्कहरु जुन अव्यवस्थित, जटिल तथा बुझ्न नसकिने हुन्छन् , त्यसलाई तुलना गर्न तथा निष्कर्षमा पुरयाउन सकिँदैन तसर्थ प्राप्त तथ्याङ्कहरुलाई वर्गिकरण गरिएको थियो । सम्पादित तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्य अनुरुप विभिन्न कोणबाट विश्लेषण गर्नका लागि तालिका निर्माण गरी उक्त तालिकामा राख्ने कार्य गरिएको थियो । तालिकीकरण पछि गणनात्मक तथ्याङ्कहरुलाई औसत र वृत्तचित्र जस्ता आधारभूत तथ्याङ्क शास्त्रीय साधनको आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनमा शिक्षकको पेशागत दक्षतालाई व्याख्या विश्लेषण गर्नको लागि सैद्धान्तिक खाकामा उल्लेख गरिए अनुसारको पेशागत दक्षताको ढाँचा अनुसार ४ वटा क्षेत्रमध्ये एउटा मात्र ( पेशागत उत्तरदायित्व सम्बन्धी दक्षता ) बारेमा यस अध्ययनको क्रममा उत्तरदाताहरुबाट आएको प्रतिक्रिया र समूह छलफलको निष्कर्षको आधारमा अध्ययनको उद्देश्य अनुसार ५ भागमा वर्गीकरण गरी वर्तमान अवस्थाको विश्लेषण औसत अंकको आधारमा वृतचित्र आदिका माध्यमले प्रस्तुति गरिएको छ । शिक्षकको पेशागत दक्षतामा रहेका चुनौतीहरु तथा त्यसबाट शिक्षण सिकाइमा परेको असरहरु र समस्याहरुलाई न्यून गर्ने उपायहरुलाई गुणात्मक विश्लेषणको माध्यमबाट प्रस्तुति गरिएको छ ।

# परिच्छेद चार
# नतिजाको विश्लेषण

यस अध्यायमा अध्ययनको लागि छनोट गरिएको नमुनाबाट प्राप्त तथ्याङ्कहरुको अथपूर्ण व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्कको अर्थपूर्ण व्याख्या र विश्लेषण गर्न यस अध्ययनको उद्देश्य अनुसार ५ भागमा वर्गीकरण गरिएको छ । जुन यस प्रकार छन् । यस अध्ययनको लागि सैद्धान्तिक खाकामा उल्लेख गरिएको चार्लोट डेनियल्सनको "Enhancing Professional Practice:A framework for Teaching" नामक सिद्धान्तमा उल्लेख गरिएका ४ वटा क्षेत्रमध्ये एउटा पेशागत उत्तरदायित्व सम्बन्धी दक्षताको मात्र अध्ययन गरिएकाले उक्त दक्षता सम्बन्धी वर्तमान अवस्था पहिचान गर्न बनाईएको श्रेणीमापन, अर्न्तवार्ता तथा समूह छलफलमा उत्तरदाताहरुबाट आएको विचारहरुको आधारमा तलका बुँदाहरुमा नतिजा विश्लेषण गरिएको छ ।

## ४.१ शिक्षकको पेशागत दक्षताको अवस्था

शिक्षकमा भएका पेशागत उत्तरदायित्व सम्बन्धी दक्षताको वर्तमान अवस्था पहिचान गर्न यस अध्ययनको लागि छनोट गरिएका सरोकारवालाहरुले दिएका प्रतिक्रियालाई चार्लोट डेनियल्सनले दिएका शिक्षकको पेशागत दक्षताको आधारमा तयार गरिएको प्रश्नावली प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । साथै अन्य सरोकारबालाहरुसँगको अर्न्तवार्ता तथा समूह छलफल गरिएको थियो । उक्त प्रश्नावलीमा सरोकारवालाहरुले जनाएको प्रतिक्रियालाई ४ भागमा विभाजित गरिएको थियो । ४ वटै प्रतिक्रियाको अंक निर्धारण यस प्रकार गरिएको छ । कहिल्यै पनि होईन-१ अंक, कहिलेकांही-२ अंक, बारम्बार-३ अंक र सँधै-४ निर्धारण गरिएको छ । उक्त प्रश्नावलीमा आएको प्रतिक्रियालाई प्रत्येक सरोकारवालाहरुको औसत अङ्क निकालिएको छ, जुन अनुसूची ५ मा राखिएको छ । उक्त अंकको मध्यक २.५ हुने भएकोले औसत अङ्कमा २.५ वा सो भन्दा माथिलाई राम्रो र २.५ भन्दा कम अङ्कलाई सुधार गर्नु पर्ने मानिएको छ । औसत अंक, अर्न्तवार्ता तथा समूह छलफलबाट आएको विचारहरुको आधारमा यस प्रकार नतिजा विश्लेषण गरिएको छ ।

## ४.१.१ शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन

शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन सम्बन्धमा सरोकारवालाहरुले दिएका प्रतिक्रियाको आधारमा प्रश्नावलीको औसत अङ्क २.१६ आएको छ । यो औसत अंक २.५ भन्दा कम भएकोले यो पेशागत दक्षतामा सुधार गर्नु पर्ने अवस्था रहेको देखिन्छ । यसको चार्ट अनुसूचीमा ५ राखिएको छ । शिक्षण सिकाइमा प्रतिबिम्बन गर्नको लागि शिक्षकले दैनिक पाठयोजना बनाउनु पर्नेमा अधिकांश शिक्षक ( १६ मध्ये १३ जना) ले दैनिक पाठयोजना बनाएको पाईएन । यस सम्बन्धमा छलफल गर्दा शिक्षकले कार्य व्यस्तताको कारण बनाउन नसकेको भनेका थिए । त्यस्तै प्रधानाध्यापक, विद्यार्थी तथा अभिभावकले शिक्षकको मनोवृत्ति सकारात्मक नभएको कुरा भनेका थिए । कतिपय शिक्षकले प्रतिबिम्बनको अर्थ नै नबुझेको कुरा पनि भनेका थिए । त्यस्तै शिक्षण प्रक्रियामा सुधार गर्नको लागि के गर्नु हुन्छ भनेर सोध्दा विद्यार्थी नबुझेको बेला आफै शिक्षणमा सुधार गर्दै जान्छु भनेका थिए । सिकाइ उद्देश्य प्राप्ति भए/नभएको कुरा कसरी बुझ्नु हुन्छ भनेर सोध्दा विद्यार्थीको मूल्याङ्कनबाट थाहा पाउने कुरा बताएका थिए । उपरोक्त तथ्यहरुबाट शिक्षकले शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बनको उपयोग एकदमै न्यून रुपमा गरिरहेको देखिन्छ ।

## ४.१.२ शिक्षण प्रक्रियाको अभिलेख

शिक्षण प्रक्रियाको अभिलेख सम्बन्धमा सरोकारवालाहरुले प्रश्नावलीमा दिएको प्रतिक्रियाको औसत अङ्क २.०३ आएको छ । यो औसत अंक २.५ भन्दा कम भएकोले यो पेशागत दक्षतामा सुधार गर्नु पर्ने अवस्था रहेको देखिन्छ । यसको चार्ट अनुसूचीमा ५ राखिएको छ । शिक्षण प्रक्रियाको अभिलेख सम्बन्धी दक्षताको बारेमा शिक्षकको कक्षा अवलोकन, प्रधानाध्यापकसँगको अर्न्तवार्ता तथा समूह छलफलमा कुरा गर्दा लिखित अभिलेख राख्ने १ जना पनि शिक्षक पाइएन । शिक्षण प्रक्रियामा गरेका क्रियाकलापहरुको अभिलेख राख्ने सम्बन्धमा शिक्षकसँग कुरा गर्दा स्मरण रहने गरेको भनेका थिए । विद्यार्थी सिकाइ उपलब्धिमा भएका उन्नतिको अभिलेख सम्बन्धमा सोध्दा सबै विद्यालयमा परीक्षाको अङ्कलाई मात्र अभिलेखको रुपमा लिने गरेको देखिन्छ । त्यसमा पनि ८ वटा मध्ये ६ वटा विद्यालयमा अर्धवार्षिक र वार्षिक परीक्षालाई तथा २ वटा विद्यालयमा त्रैमासिक परीक्षा समेतलाई विद्यार्थी सिकाइ उपलब्धिमा भएको उन्नति मापन गर्न प्रयोग गरिएको देखिन्छ ।

विद्यार्थीहरुले दैनिक गर्ने गरेका कार्यहरुको अभिलेख सम्बन्धमा कुरा गर्दा गृहकार्यको कापीलाई नै अभिलेख मानिएको देखिन्छ । विद्यार्थीहरुको सबै कार्यको अभिलेख राख्ने व्यवस्था एउटा पनि विद्यालयमा देखिएन । शिक्षण प्रक्रियाको अभिलेख राख्ने प्रणालीको विकास गर्ने सम्बन्धमा सरोकारबालाहरुसँग कुरा गर्दा विद्यार्थी संख्या बढी भएकोले सम्भव नहुने बताएका थिए । उपरोक्त तथ्यहरुबाट शिक्षकमा शिक्षण प्रक्रियाको अभिलेख राख्ने दक्षतामा कमी रहेको देखिन्छ ।

### ४.१.३ अभिभावकसँगको सञ्चार

अभिभावकसँगका सञ्चार सम्बन्धमा प्रश्नावलीमा राखिएको प्रश्नमा सरोकारवालाहरुले दिएका प्रतित्रियाको आधारमा औसत अङ्क १.७९ आएको छ । यो औसत अंक २.५ भन्दा कम भएकोले यो पेशागत दक्षतामा सुधार गर्नु पर्ने अवस्था रहेको देखिन्छ । यसको चार्ट अनुसूचीमा ५ मा राखिएको छ । यो दक्षताको अवस्था पहिचान गर्ने क्रममा अभिभावकहरुलाई समूहगत रुपमा शैक्षणिक कार्यक्रमबारे जानकारी गराईएको एउटा पनि विद्यालय पाइएन । शिक्षक र प्रधानाध्यापकका अनुसार व्यक्तिगत रुपमा अभिभावकसँग भेटघाट भएको बेलामा मात्र शिक्षण सिकाइ सम्बन्धी कुराकानी गर्ने गरेको बताएका थिए । अभिभावकलाई प्रत्येक विद्यार्थीको बारेमा वार्षिक परीक्षा परिणामको जानकारी गराएको ८ मध्ये ६ विद्यालय रहेका छन् । तर त्यसको पनि लिखित जानकारी तहगत लब्धाङ्कपत्र पठाएर मात्र गराउने गरिएको छ ।

विद्यार्थीहरुको निर्माणात्मक मूल्याङ्कनको अभिलेख नरहेको तथा सबै अभिभावकसँग व्यक्तिगत रुपमा भेटघाट गर्न सम्भव नभएको कुरा शिक्षक तथा प्रधानाध्यापकको तर्फबाट आएको थियो । त्यस्तै शैक्षणिक कार्यक्रममा अभिभावकको सहभागिताको बारेमा बुझ्दा शिक्षहरुले नबोलाएको गुनासो अभिभावकको थियो भने अभिभावकहरु फुर्सदको अभावमा नआउने गरेको कुरा शिक्षक तथा प्रधानाध्यापकले बताएका थिए । साग्रमा हेर्दा शिक्षक तथा अभिभावक बिच सञ्चारको प्रभावकारी सञ्जाल स्थापित हुन नसकेको प्रष्ट भएको छ । यसले शिक्षकमा अभिभावकसँगको सञ्चार सम्बन्धी दक्षतामा कमी रहेको देखिन्छ ।

### ४.१.४ शैक्षणिक विकासमा योगदान

शैक्षणिक विकासमा योगदान सम्बन्धमा प्रश्नावलीमा राखिएको प्रश्नमा सरोकारवालाहरुले दिएको प्रतिक्रियाको आधारमा औसत अङ्क २.४३ आएको छ । यो औसत अंक २.५ भन्दा कम भएकोले यो पेशागत दक्षतामा सुधार गर्नु पर्ने अवस्था रहेको देखिन्छ । यसको चार्ट अनुसूचीमा ५ मा राखिएको छ । त्यस्तै अन्र्तवार्ता तथा समूह छलफलमा यो दक्षता पहिचान गर्न सहकर्मीहरुसँगको सम्बन्धको बारेमा कुरा गर्दा एउटा पनि विद्यालयमा सहकर्मीहरुबीच शैक्षणिक मुद्धामा सामुहिक छलफल भएको देखिएन । सहकर्मीबीच मानवीय सम्बन्धको अवस्था राम्रो रहेको थियो । विद्यालयको कार्यक्रममा शिक्षकको सहयोगको बारेमा बुझ्दा सबै विद्यालयमा भएका कार्यक्रममा शिक्षकको सहयोग रहेको कुरा भनेका थिए । तर विद्यालयमा हुने कार्यक्रमको बारेमा बुझ्दा पठन-पाठन बाहेकका सह तथा अतिरिक्त क्रियाकलापका कार्यक्रम संचालन हुने ३ वटा विद्यालय मात्र थियो । विद्यालय वा राष्ट्रिय स्तरको परियोजनामा शिक्षकको संलग्नता सम्बन्धमा कुरा गर्दा भत्ता भएको परियोजनामा संलग्न हुने गरेका तर भत्ता नभएकोमा संलग्नता नरहेको कुरा सबै सरोकारबालाहरुले स्वीकार गरेका थिए । तसर्थ विद्यालय र राष्ट्रको लागि शिक्षकको शैक्षणिक विकासमा योगदानमा आर्थिक कुरा बढी महत्वपूर्ण रहेको कुरा आएको थियो । अर्थात आर्थिक रुपमा फाइदा भएको अवस्थामा मात्र शिक्षक बढी संलग्न हुने गरेका अन्यथा संलग्नता न्यून हुने गरेको देखिएको छ ।

### ४.१.५ पेशागत विकासको प्रयास

पेशागत विकासको प्रयास सम्बन्धमा प्रश्नावलीमा राखिएको प्रश्नमा सरोकारवालाहरुले दिएको प्रतिक्रियाको आधारमा औसत अङ्क २.७२ आएको छ । यो औसत अंक २.५ भन्दा बढी भएकोले यो पेशागत दक्षता राम्रो रहेको देखिन्छ । यसको चार्ट अनुसूची ५ मा राखिएको छ । यस सम्बन्धमा छलफल गर्दा शिक्षक पेशागत विकास गर्नको लागि तालिममा जाने प्रयास गरेका छन् । त्यस्तै शिक्षक आफुमा भएका कमी कमजोरीहरु एक-आपसमा छलफल गरेर सुधार गर्ने प्रयास गरेका छन् । शिक्षक शैक्षिक क्षेत्रमा काम गर्ने अन्य व्यक्तिहरुबाट सहयोग लिने कार्य पनि गरिरहेका छन् ।

### ४.१.६ पेशागत दक्षताको प्रदर्शन

पेशागत दक्षता प्रदर्शन सम्बन्धमा प्रश्नावलीमा राखिएको प्रश्नमा सरोकारवालाहरुले दिएका प्रतिक्रिया अनुसार औसत अङ्क २.३१ आएको छ । यो औसत अंक २.५ भन्दा कम भएकोले यो पेशागत दक्षतामा सुधार गर्नु पर्ने अवस्था रहेको देखिन्छ । यसको चार्ट अनुसूचीमा ५ मा राखिएको छ । शिक्षकले आफु पेशागत दक्षताको प्रदर्शन गरेको भनेका थिए भने अन्य सरोकारबालाहरुले पूर्ण रुपमा पेशागत दक्षताको प्रदर्शन नगरेको भनेर गुनासो गरेका थिए । पेशागत दक्षता प्रदर्शन गर्न विद्यार्थीलाई सहयोग गर्न कति तत्पर रहन्छन् भने खोजी गर्दा कक्षाकोठा बाहेक सहयोग न्यून रहेको गुनासो विद्यार्थीहरुको थियो भने फुर्सदको अभाव भएको कुरा शिक्षकले बताएका थिए । सबै विद्यार्थीलाई समान अवसर दिने सम्बन्धमा खोजी गर्दा दिन नसकेको कुरा सबैले स्वीकार गरेका थिए । त्यसको कारण कक्षामा विद्यार्थी संख्या बढी रहेको कुरा आएको थियो । शिक्षकले आफनो विचारको अभिव्यक्ति स्वतन्त्र एवं सन्तुलित रहेको भनेका थिए भने प्रधानाध्यापकको विचारमा शिक्षकको विचार पक्षपातपूर्ण एवं आफनो सुविधा मात्र खोज्ने किसिमको रहेको कुरा बताएका थिए ।

उपरोक्त अनुसार शिक्षकको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतालाई यस अध्ययनको शिक्षकमा प्रतिबिम्बन सम्बन्धी सीपको अभाव र सकारात्मक मनोवृति नभएकोले पनि प्रतिबिम्बनको उपयोग नगरेका हुन् । शिक्षण प्रक्रियाको अभिलेखको रुपमा विद्यार्थीले परीक्षामा प्राप्त गरेका लब्धाङ्कपत्र मात्रलाई अभिलेखको रुपमा प्रयोग गरेको पाईयो । अन्य अभिलेखहरु राखिएको पाइएन् । शिक्षण प्रक्रियाको अभिलेख राख्ने दक्षताा कमी रहेको पाईयो । अभिभावकसँगको सञ्चार सम्बन्धी दक्षतामा कमी भएकोले नै शिक्षक अभिभावकबीच दाहारो सञ्चारको प्रभावकारी सञ्जाल स्थापित हुन नसकेको देखियो । शैक्षणिक विकासमा योगदान सम्बन्धी दक्षतामा शिक्षकको सहयोगको अभाव देखियो । सहकर्मीहरुबीच पेशागत छलफल नभएको पाइयो । शैक्षणिक विकासमा शिक्षकको योगदान न्यून रहेको पाइयो । पेशागत विकासको प्रयासको लागि तालिमको अवसर लिन खोज्ने प्रवृत्ति बढी पाइयो । पेशागत दक्षता प्रदर्शन सम्बन्धी कक्षाकोठामा मात्र शिक्षकले पढाई दिने कार्य गरेका तर अन्य समयमा विद्यार्थीलाई सहयोग गर्न तत्पर नरहेको पाइयो ।

## ४.२ शिक्षकको पेशागत दक्षतामा देखिएका चुनौतीहरु

शिक्षकको पेशागत दक्षतामा देखिएका चुनौतीहरुको खोजी गर्नको लागि यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्न बनाईएको प्रश्नावली, अर्न्तवार्ता तथा समूह  छलफलबाट छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकहरु बाट संकलन गरिएको प्रतिक्रियाहरुलाई निम्न अनुसार नतिजा विश्लेषण गरिएको छ । यस अध्यनको क्रममा आएको प्रतिक्रियाहरुलाई निम्नानुसार नतिजा विश्लेषण गरिएको छ ।

### ४.२.१ शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन

यस अध्ययनको क्रममा शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बनको लागि आवश्यक दैनिक पाठयोजना नै नबनाएको अधिकांश शिक्षक रहेको देखियो । त्यस्तै कतिपय शिक्षकले प्रतिबिम्बनको अर्थ नै नबुझेको देखियो भने कतिपय शिक्षक प्रतिबिम्बनको प्रक्रियागत चरणको बारेमा स्पष्ट नभएको बताएका थिए । यस अध्ययनको क्रममा शिक्षकले प्रतिबिम्बनको उपयोग एकदमै न्यून रुपमा गरेको कुरा उत्तरदाताहरुले बताएका थिए । शिक्षकको शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन सम्बन्धी दक्षतामा कमी रहेको कारणले शिक्षण प्रक्रियामा हुनु पर्ने सुधार हुन सकेको छैन । विद्यार्थीको स्तर, क्षमता र सिकाइको गति बारेमा जानकारी हुन नसकेकोले विद्यार्थीमा हुनु पर्ने उन्नति हुन सकेको छैन । शिक्षकले आफनो शिक्षण विधि, शैक्षिक सामग्री र शिक्षण क्रियाकलापमा गर्नु पर्ने सुधार गर्न सकेका छैनन् ।

### ४.२.२ सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख

सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेखमा शिक्षकले गरेका शिक्षण क्रियाकलाप, विद्यार्थी क्रियाकलाप र विद्यार्थीले प्राप्त गर्ने सिकाइ उपलब्धिको साथै विद्यार्थीका अन्य व्यावहारिक परिवर्तन समेत उल्लेख भएको अभिलेख भन्ने बुझिन्छ । यी अभिलेखहरु भयो भने शिक्षक तथा विद्यार्थी दुवैले पृष्ठपोषण लिएर सुधार गर्ने मौका पाउन सक्दछन् । यस अध्ययनको क्रममा शिक्षण प्रक्रियाको अभिलेख राख्ने एउटा पनि शिक्षक भेटिएन । शिक्षण प्रक्रियाको अभिलेख राख्न नसकिएको मुख्य कारण दैनिक पाठ योजनाको अभाव नै रहेको छ । त्यस्तै विद्यार्थीहरुको कार्यको पनि अभिलेख राखिएको पाइएन । विद्यार्थीको मूल्याङ्कन गर्न

परीक्षालाई मात्र उपयोग गरिएको देखिन्छ । त्यस्तै विद्यार्थीको गृहकार्य वा अन्य कार्यको अभिलेख राख्ने कुनै पनि प्रणालीको विकास गरिएको पाइएन । शिक्षण प्रक्रियाको अभिलेख राख्ने कार्यमा बाधकको रुपमा बढी विद्यार्थी संख्या, समयको अभाव, बढी घण्टी लिनु पर्ने जस्ता कारणहरु नै प्रमुख रहेको देखिन्छ । शिक्षकलाई शिक्षण प्रक्रियाको अभिलेख राख्ने प्रणालीको बारेमा जानकारी पनि नभएको कुरा शिक्षक र प्रधानाध्यापकहरुले बताएका थिए ।

### ४.२.३ अभिभावकहरुसँग सञ्चार

यस अध्ययनको क्रममा शिक्षक र अभिभावक बीच सञ्चारको कुनै पनि विद्यालयमा प्रणालीगत रुपमा विकास भएको देखिएन । अभिभावक भेला र कहिलेकाँही हुने भेटघाटलाई नै शिक्षक अभिभावक बीच सञ्चारको अवसरको रुपमा उपयोग गरिएको छ । विद्यार्थीको सिकाइ उपलब्धि वा अन्य व्यवहार सम्बन्धी परिवर्तनको जानकारी अभिभावकलाई गराउने गरेको पाइएन । शैक्षणिक कार्यक्रममा अभिभावकको चासो नरहेको देखिएको छ भने विद्यालयले पनि अभिभावकलाई संलग्न गराउने प्रयास गरेको छैन् । त्यसैले अभिभावक तथा विद्यालय बीच दोहोरो सञ्चारको अभाव देखिन्छ । शिक्षक र अभिभावक बीच सञ्चारको महत्व शिक्षक, अभिभावक वा प्रधानाध्यापक कसैले पनि बुझ्न नसक्नु नै यसको प्रमुख चुनौती रहेका देखियो ।

### ४.२.४ शैक्षणिक विकासमा योगदान

यस अध्ययनको क्रममा शिक्षकले शैक्षणिक विकासमा गर्न सक्ने योगदान गरिरहेको देखिएन । शैक्षणिक विकासका लागि सहकर्मीहरु बिच सामुहिक छलफल हुन नसक्नुलाई चुनौतीको रुपमा उत्तरदाताहरुले बताएका थिए । सहकर्मीहरु बीच मानवीय सम्बन्ध राम्रो रहेपनि पेशागत रुपमा छलफलको अभाव देखिएको छ । विद्यालयको अन्य कार्यक्रममा शिक्षकको सक्रियता र सहभागिता न्यून रहेको कुरा सरोकारबालाहरुले बताएका थिए । त्यस्तै विद्यालयमा गराइने अतिरिक्त क्रियाकलापहरुमा पनि शिक्षकको सक्रियता कम रहेको देखिन्छ । जुनसुकै कार्यक्रमलाई आयसँग जोडेर फाइदा भएको अवस्थामा मात्र सक्रियता देखाउने बानी शिक्षकमा रहेको छ । यस अध्ययनको सिमाक्षेत्रका विद्यालयहरुमा शैक्षणिक विकासमा योगदान पुरयाउने शिक्षक न्यून रहेको कुरा उत्तरदाताहरुले बताएका थिए ।

### ४.२.५ पेशागत दक्षताको प्रदर्शन सम्बन्धी चुनौती

यस अध्ययनको क्रममा शिक्षकले पेशागत दक्षता प्रस्तुति राम्ररी गर्न नसकेको तथ्य सबै सरोकारबालाहरुले भनेका थिए । पेशागत दक्षता प्रदर्शन गर्न विद्यार्थीलाई सहयोग गर्न शिक्षक तत्पर रहनु पर्नेमा सो अनुसार तत्पर रहेको छैन् । पेशागत दक्षता प्रदर्शन गर्न शिक्षकले सबै विद्यार्थीलाई समान अवसर दिनु पर्ने तर सो अनुसार अवसर प्रदान गरिएको छैन । त्यस्तै शिक्षकबाट स्वतन्त्र एवं सन्तुलित विचार व्यक्त गरी पेशागत दक्षता प्रदर्शन गर्नु पर्नेमा शिक्षकरुले अरुबाट प्रभावित भएर पक्षपातपूर्ण विचारहरु व्यक्त गर्ने गरेको गुनासो प्रधानाध्यापक तथा अभिभावकहरुको थियो । शिक्षकमा भएका पेशागत दक्षता प्रदर्शन गर्ने उचित मौका तथा साधन स्रोतहरु उपलब्ध हुन नसकेकोले पनि उनीहरु राम्रो प्रदर्शन गर्न नसकेको भनेका थिए ।

यी दक्षताहरु भएमा शिक्षकले पेशागत रुपमा आफनो कार्य राम्ररी सम्पादन गर्न सक्ने तथा पेशागत दक्षतालाई अझै बढाउन सक्ने भने उल्लेख गरेका छन् । यस अध्ययनको क्रममा उक्त ६ वटा मध्ये ५ वटा शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन, सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख, अभिभावकहरुसँगको सञ्चार, शैक्षणिक विकासमा योगदान र पेशागत दक्षताको प्रस्तुति सम्बन्धी दक्षतामा चुनौती रहेको पाइयो ।

शिक्षकको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा चुनौतीहरु देखिनुको मुख्य कारण तालिमको अनुपयुक्तता, अप्रर्याप्तता तथा प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको अभाव रहेको कुरा अध्ययनको क्रममा शिक्षक तथा प्रधानाध्यापकहरुले बताएका थिए । शिक्षकमा आफनो पेशा प्रति सकारात्मक मनोवृत्ति नरहेको कुरा प्रशिक्षकले बताएका थिए । शिक्षा क्षेत्रमा काम गर्ने शिक्षक कर्मचारीहरु हालसम्म पूर्णकालिन सेवा प्रदान नगरी अन्य पेशामा समेत संलग्न रहनु पर्ने वाध्यता विद्यामान छ । शिक्षकले शिक्षण कार्य भन्दा अन्य काममा बढी समय दिने गरेकाले यस्तो समस्याहरु भएको कुरा विद्यार्थी तथा अभिभावकले बताएका थिए ।

### ४.३ शिक्षकको पेशागत दक्षतामा देखिएका अवस्थाको कारणहरु

शिक्षकको पेशागत दक्षतामा कमी हुने कारणको खोजी गर्नको लागि कारणहरुलाई निम्नानुसार तीन भागमा बाँडेर प्रश्नावलीमा राखिएको थियो र त्यसै अनुरुप व्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.३.१ घरेलु कारण

घरेलु कारणहरु अन्तर्गत सरोकारवालाहरुबाट आएको प्रतिक्रियालाई तालिकीकरण गरी चार्ट बनाएर नतिजा विश्लेषण गरिएको छ । चार्ट अनुसूचीमा ५ मा राखिएको छ । शिक्षकको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा कमीको घरेलु कारणहरु मध्ये सामाजिक अवस्था, आर्थिक अवस्था , पारिवारिक अवस्थामा बढी उत्तरदाताहरुले प्रतिक्रिया जनाएका छन् भने धार्मिक अवस्थामा एकदमै न्युन व्यक्तिले प्रतिक्रिया जनाएका छन् । शिक्षकको न्यून आय स्रोत भएकाले उनी आफनो घरेलु समस्याले ग्रसित भई शिक्षणमा पूर्ण ध्यान दिन नसकेको भनाई उनीहरुको थियो ।

#### ४.३.२ विद्यालयिय कारण

विद्यालीय कारणहरु अन्तर्गत सरोकारवालाहरुबाट आएको प्रतिक्रियालाई तालिकीकरण गरी चार्ट बनाएर नतिजा विश्लेषण गरिएको छ । चार्ट अनुसूचीमा ५ मा राखिएको छ । शिक्षकको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा कमीको विद्यालीय कारणहरु मध्ये विद्यालयमा राजनीतिक प्रभाव र शिक्षक विद्यार्थी अनुपातलाई प्रमुख कारणको रुपमा उल्लेख गरेका छन् । त्यस्तै केहीले भौतिक स्रोत साधनको अभाव र केहीले विद्यार्थी सिकाइ प्रवृत्तिलाई समस्याको कारण मानेका छन् । थोरै व्यक्तिले मात्र कक्षाकोठाको आकारलाई समस्याको कारणको रुपमा उल्लेख गरेका छन् ।

#### ४.३.३ व्यक्तिगत कारण

व्यक्तिगत कारणहरु अन्तर्गत सरोकारवालाहरुबाट आएको प्रतिक्रियालाई तालिकीकरण गरी चार्ट बनाएर नतिजा विश्लेषण गरिएको छ । शिक्षकको पेशागत दक्षतामा कमीको व्यक्तिगत विशेषता र शैक्षिक योग्यता सम्बन्धी कारणहरु मध्ये अधिकांशले तालिमको अप्रयाप्तालाई

समस्याको कारणको रुपमा उल्लेख गरेका छन् । केहीले शैक्षिक योग्यतामा कमी र विषयगत दक्षताको कमीलाई समस्याको कारणको रुपमा उल्लेख गरेका छन् । थोरै जनाले मात्र बौद्धिकताको अभाव , भाषागत क्षमताको कमी र शिक्षण अनुभवको कमीलाई सरोकारवालाहरुले समस्याको कारणको रुपमा उल्लेख गरेका छन् ।

शिक्षकको पेशागत दक्षतामा कमी हुने कारणहरु सम्बन्धमा समूह छलफलबाट आएका अन्य कारणहरु यसप्रकारका थिए । घरेलु कारण अन्तर्गत सामुदायिक पृष्ठभूमि , पेशाप्रति आस्थाको कमी, नैतिक अवस्था र कानूनी अवस्था जस्ता कारणहरु आएका थिए । विद्यालीय कारणहरु अन्तर्गत शैक्षिक सामग्रीको अभाव, नेतृत्व विहिनता , समुदायसँगको सम्बन्ध, प्रतिकुल शैक्षिक वातावरण, योजनाको अभाव, अनुगमनको अभाव, जातीय प्रभाव, कक्षाकोठाको उपयुक्तता, नियम कानूनमा त्रुटि, निरीक्षण र सुपरिवेक्षणको अभाव जस्ता कारणहरु आएका थिए । व्यक्तिगत विशेषता र शैक्षिक योग्यता सम्बन्धी कारणहरु अन्तर्गत अद्यावधिकतामा कमी, मानसिकताको कमी, उत्प्रेरणाको अभाव, शिक्षण गर्ने तयारीको कमी, समयको अभाव, सकारात्मक मनोवृत्तिको कमी, सीपको कमी, अल्छीपना र सक्रियताको कमी जस्ता कारणहरु आएका थिए ।

यस अध्ययनको तेस्रो उद्देश्य थियो पेशागत दक्षतामा देखिएका वर्तमान अवस्थाको कारण खोजी गर्ने । चार्लोट डेलियल्सन(१९९६) ले "Enhancing professional practice:A Framework for teaching" मा शिक्षकको पेशागत दक्षतामा समस्या हुने कारणलाई घरेलु कारण, विद्यालीय कारण र व्यक्तिगत विशेषता र शैक्षिक योग्यता गरेर तीन खण्डमा व्याख्या गरे अनुसार खोजी गर्दा उत्तरदाताहरुले घरेलु कारणमध्ये आर्थिक अवस्था र पारिवारिक अवस्थालाई कारणको रुपमा भनेका थिए । विद्यालयीय कारणमा विद्यालयमा राजनीतिक प्रभावलाई कारणको रुपमा भनेका थिए । व्यक्तिगत विशेषता र शैक्षिक योग्यता सम्बन्धी कारणको रुपमा तालिमको अप्रयाप्तता तथा अनुपयुक्ततालाई कारणको रुपमा मानेका थिए ।

शिक्षकको पेशागत दक्षतामा कमी हुने कारणहरुको खोजी गर्न राखिएको प्रश्नहरुमा उत्तर दाताहरुबाट आएका प्रतिक्रियामा घरेलु कारण मध्ये सामाजिक अवस्थामा ३५.८९ % ,

आर्थिक अवस्थामा ५६.४१ % , पारिवारिक अवस्थामा ४४.८९ % र धार्मिक अवस्थामा ५.१३ % उत्तरदाताहरुले प्रतिक्रिया जनाएकोले आर्थिक अवस्था, सामाजिक अवस्था र पारिवारिक अवस्था तीनवटै कारण रहेका स्पष्ट हुन्छ । विद्यालीय कारणमा सबभन्दा बढी ६२.८७ % विद्यालयमा राजनीतिक प्रभाव र ४४.८७ % ले शिक्षक विद्यार्थी अनुपाललाई कारण मानेका छन् । व्यक्तिगत र शैक्षिक योग्यता सम्बन्धी कारणमा ५० % ले तालिमको अनुपयुक्तता र अप्रयाप्ततालाई कारण मानेका छन् ।

## ४.४ शिक्षकको पेशागत दक्षताले शिक्षण-सिकाइमा पारेको असरहरु

शिक्षकको पेशागत दक्षताले शिक्षण-सिकाइमा पारेको असर पत्ता लगाउन प्रश्नावली र अर्न्तवार्तामा राखिएको प्रश्न एवं समूह छलफलमा सरोकारवालाहरुबाट आएका प्रतिक्रियाहरुलाई मिल्ने बुँदाहरुलाई मिलान गरी निम्नानुसार नतिजा विश्लेषण गरिएको छ ।

### ४.४.१ शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बनल

यस अध्ययनको क्रममा उत्तरदाताहरुबाट आएको उत्तरलाई विश्लेषण गर्दा दैनिक पाठ योजनाको अभावमा प्रभावकारी शिक्षण सिकाइ हुन नसकेको , विद्यार्थीहरुको सक्रिय सहभागिता हुन नसकेको, सबै विद्यार्थीले समान अवसर पाउन नसकेको, उद्देश्यको निर्धारण नभएको विद्यार्थी सिकाइ उपलब्धिको मूल्याङ्कन हुन नसकेको जस्ता असर परेको देखिन्छ । त्यस्तै प्रतिबिम्बनको अभावमा शिक्षण क्रियाकलापमा हुनु पर्ने सुधार हुन सकेको छैन । विद्यार्थीमा हुनु पर्ने सुधारात्मक तथा उपचारात्मक शिक्षण सिकाइ हुन सकेको छैन । कक्षाकोठामा समुहकार्य नहुने भएकोले सामुहिक भावनाको विकास हुन सकेको छैन । प्रतिबिम्बन नगरेकोले उद्देश्य प्राप्ति भए/नभएको बुझ्न सकिएको छैन् । नयाँ ज्ञान सिक्ने स्रोतको बारेमा विद्यार्थीलाई जानकारी हुन नसकेकोले सिक्न नसकेका, पाठ्यक्रमका सबै उद्देश्यहरु पुरा हुन नसकेको जस्ता असरहरु देखियो । शिक्षण कार्यमा प्रतिबिम्बन सम्बन्धी दक्षतामा कमी देखिएकोले शिक्षकले आफुमा समय सापेक्ष सुधार गर्न नसकेको कुरा उत्तरदाताहरुले बताएका थिए ।

### ४.४.२ सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख

यस अध्ययनको क्रममा उत्तरदाताहरुले दिएका प्रतिक्रियामा सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख राख्ने दक्षता शिक्षकमा नभएको र भएपनि अभिलेख नराखेको कुरा बताएका थिए । यस कारणले शिक्षण सिकाइमा सबै विद्यार्थी समान अवसर पाउन नसकेका , योजनावद्ध शिक्षण हुन नसकेको, विद्यार्थीको कमी कमजोरी पत्ता लगाई त्यसलाई उत्प्रेरित गर्न नसकिएको जस्ता असरहरु परेको कुरा प्रशिक्षकले बताएका थिए । त्यस्तै प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरुको छलफलमा विद्यार्थी केन्द्रित शिक्षण विधिको अभावमा शिक्षण प्रक्रिया आकर्षक हुन नसकेको, विद्यार्थीको गुणस्तरियतालाई माथि उकास्ने प्रयास नभएको , शिक्षण विधिमा गर्नु पर्ने सुधार गर्न नसकिएको , विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन हुन नसकेको , विद्यार्थीको सिकाइ उपलब्धि बारेमा समयमा जानकारी हुन नसकेको , शिक्षक विद्यर्थी बीच सक्रिय र सुमधुर सम्बन्ध कायम हुन नसकेका जस्ता असरहरु परेको बताएका थिए । यी असरहरु कै कारणले शिक्षण सिकाइ प्रभावकारी एवं दिगो हुन नसकेको तथ्य शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यपक सबैले समूह छलफलमा बताएका थिए ।

### ४.४.३ अभिभावकहरुसँगको सञ्चार

यस अध्ययनको क्रममा सबै उत्तरदाताहरुले अभिभावकसँग दोहोरे सञ्चार हुन नसकेको बताएका थिए । जसले गर्दा अभिभावकले आफनो विद्यार्थीको सिकाइ उपलब्धि तथा अन्य व्यवहार परिवर्तनको बारेमा समुचित जानकारी पाईरहेका छैनन् भने गुनासो अभिभावकहरुको थियो । जानकारीको अभावमा विद्यार्थीमा सकारात्मक परिवर्तन हुन नसकेको, विद्यार्थीले समयको सदुपयोग गर्न नसकेको , समयमा आफनो कार्यहरु गर्न नसकेको , गृहकार्य गर्ने नगरेकोले विद्यार्थीको सिकाइ प्रभावकारी हुन नसकेको जस्ता असरहरु परेको बताएका थिए । त्यस्तै अभिभावकहरु शिक्षण सिकाइमा चासो नराखेकोले विद्यार्थीको स्तर कमजोर हुँदै गएको गुनासो शिक्षकको थियो । विद्यार्थीको सक्रियता न्यून रहको, विद्यार्थीले समान अवसर पाउन नसकेको, समतामूलक शिक्षण सिकाइ हुन नसकेको, विद्यार्थीको सहभागिता न्यून रहेकोले सिकाइ दिगो हुन नसकेकोले वर्तमान परिवेश अनुकुल प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी बनाउन नसकेको तथा उच्च शिक्षाको लागि आवश्यक ज्ञानको

विकास सबै विद्यार्थीमा हुन नसकेको जस्ता असरहरु शिक्षण सिकाइमा परेको कुरा उत्तरदाताहरुले उल्लेख गरेका थिए ।

## ४.४.४ शैक्षणिक विकासमा योगदान सम्बन्धी दक्षता

यस अध्ययनको क्रममा शैक्षणिक विकासमा योगदान गर्न सक्ने दक्षता शिक्षकमा भएपनि सोको उपयोग नगरेको भनाई प्रधानाध्यापक, प्रशिक्षक र अभिभावकहरुको थियो । शिक्षक सामूहिक छलफल गर्ने कार्यमा चासो नदेखाएकोले शैक्षणिक विकासको कार्य हुन नसकेको, शिक्षण विधिमा आवश्यक सुधार गर्न नसकिएको , विद्यार्थीहरुको सक्रिय सहभागिता गराउन नसकेको , विद्यार्थीहरुले अभ्यासको अवसर र शिक्षकको आवश्यक सहयोग पाउन नसकेकोले सिकाइ दिगो हुन नसकेको, अधिकतम सिकाइ उपलब्धि प्राप्त हुन नसकेको, विद्यार्थीको निर्माणात्मक मूल्याङ्कनको योजना बनाउन नसकेको , नयाँ नयाँ शिक्षण प्रविधिको प्रयोग नगरेकाले विद्यार्थी सीप सिक्न नसकेको, सहकार्यको अभावमा विद्यार्थी र शिक्षकमा विश्लेषणात्मक सोचाईको विकास हुन नसकेको तथा अनुशासनमा कमी भई सामाजिक विकृतिहरु बढदै गएको कुरा उत्तरदाताहरुले बताएका थिए ।

शिक्षकको सहभागिता न्यून रहेकोले सह तथा अतिरिक्त क्रियाकलापको अभावमा विद्यार्थीहरुमा सर्वाङ्गीण विकास हुन नसकेको प्रधानाध्यापकहरुको गुनासो थियो । शिक्षकमा विद्यार्थीलाई सहयोग गर्ने तत्परता नभएकाले सिकाइमा समस्या भएको गुनासो विद्यार्थी र अभिभावकहरुको थियो । साथै शिक्षकले पुरै समय कक्षामा नदिएकोले विषयवस्तु स्पष्ट हुन नसकेको, वर्तमान परिवेश अनुकुल प्रतिस्पर्धा गर्न नसकेको गुनासो पनि विद्यार्थी र अभिभावकहरुले गरेका थिए ।

## ४.४.५ पेशागत दक्षताको प्रदर्शन

यस अध्ययनको क्रममा शिक्षकमा पेशागत दक्षताको कमी रहेको र भएको दक्षता पनि राम्ररी प्रदर्शन गर्न नसकेको समस्या सबै उत्तरदाताहरुले बताएका थिए । पेशागत दक्षताको प्रदर्शन राम्ररी नभएकोले विद्यार्थीको अधिकतम सिकाइ उपलब्धि प्राप्त हुन नसकेको, समतामूलक शिक्षण सिकाइ हुन नसकेको, विद्यार्थीलाई आवश्यक सहयोग गरेर विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरित गर्न नसकेको, उत्तीर्ण प्रतिशत घटदै गएको , कक्षाकोठामा

मनोरञ्जनात्मक वातावरण निर्माण हुन नसकेकको, शिक्षक-विद्यार्थी बीच माया, ममता र स्नेहको अभाव रहेको , कक्षामा सबै विद्यार्थीले सिक्ने समान अवसर नपाएको जस्ता असरहरु परेको कुरा उत्तरदाताहरुले बताएका थिए । त्यस्तै शिक्षकले स्वतन्त्र एवं संतुलित विचार व्यक्त नगरेकाले शैक्षणिक निर्णयमा समेत समस्या परेको कुरा प्रधानाध्यापले बताएका थिए । शिक्षकले पेशागत दक्षताको प्रदर्शनमा पनि पक्षपात गर्ने गरेकोले सबै विद्यार्थी सहयोग प्राप्त गर्न नसकेको गुनासो विद्यार्थी र अभिभावकको थियो । त्यस्तै पेशागत दक्षता प्रदर्शनको लागि उपयुक्त वातावरण तथा सुविधा प्राप्त नभएको गुनासो शिक्षकको थियो । पेशागत दक्षता प्रदर्शनको लागि स्पष्ट कार्य विभाजन नभएकाले शिक्षकले राम्ररी दक्षता प्रदर्शन गर्न नसकेको जसको असर विद्यार्थीको सर्वाङ्गीण विकासमा प्रतिकुल परेको शिक्षकले पनि स्वीकारेका थिए । त्यस्तै तालिममा सिकेका सीप तथा दक्षतालाई प्रदर्शन गर्न उपयुक्त वातावरण, विद्यार्थी संख्या तथा बसाई व्यवस्था नभएकाले यसको असर विद्यार्थीको समग्र सिकाइ उपलब्धिमा परेको कुरा शिक्षकले बताएका थिए ।

यस अध्ययनको क्रममा शिक्षकमा पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा चुनौतीहरु देखिएकोले शिक्षण सिकाइ प्रभावकारी हुन नसकेको, विद्यार्थी सिकाइ उपलब्धि न्यून रहेको, विद्यार्थीको उत्तीर्ण प्रतिशत घटेको, सुधारात्मक तथा उपचारात्मक शिक्षण सिकाइ हुन नसकेको, निर्माणात्मक मूल्याङ्कन हुन नसकेको , मनोरञ्जनात्मक कक्षा शिक्षण हुन नसकेकोले विद्यार्थी सिकाइ प्रति उत्प्रेरित हुन नसकेका, प्रतिस्पर्धी विद्यार्थीको उत्पादन न्यून भएको , अतिरिक्त क्रियाकलापको अभावमा विद्यार्थीको सर्वाङ्गीण विकास हुन नसकेको तथा शिक्षकले शैक्षणिक विकासमा राम्ररी योगदान नगरेकाले योजनाबद्ध, टिकाउ र प्रभावकारी शिक्षण सिकाइ हुन नसकेको जस्ता असरहरु परेको देखिन्छ ।

## ४.५ शिक्षकको पेशागत दक्षतामा देखिएका समस्याहरुको समाधानका उपायहरु

यस अध्ययनको क्रममा शिक्षकको पेशागत दक्षतामा देखिएका समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउन तयार पारिएको प्रश्नावलीमा सरोकारबालाहरुले दिएका उत्तर तथा समूह छलफलबाट आएका निष्कर्षको आधारमा समाधानका उपायहरु बुँदागत रुपमा नतिजा विश्लेषण गरिएको छ । विभिन्न सरोकारवालाहरुले दिएका प्रतिक्रियालाई बुँदागत रुपमा

मिलान गरी सोही बुँदा अन्तर्गत छुट्टा-छुट्टै राखेर उल्लेख गरिएको छ। शिक्षकको पेशागत दक्षतामा देखिएका समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउन प्रयोग गरिएका प्रश्नावलीमा सरोकारवालाहरुले जनाएका प्रतिक्रिया तथा समूह छलफलबाट आएका उपायहरु यस प्रकारका थिए ।

### ४.५.१ शिक्षण सिकाइ कार्य प्रतिबिम्बन

यस अध्ययनको क्रममा शिक्षण सिकाइ कार्यमा प्रतिविम्बन सम्बन्धी समस्याको समाधानका उपायको बारेमा निम्नानुसारका उपायहरु बताएका थिए ।

शिक्षकको भनाई अनुसार : प्र.अ. विजय मण्डल

“शिक्षण पेशालाई बढी जिम्मेवार बनाउन शिक्षकको तलब र अन्य सुबिधामा वृद्धि गर्नु पर्दछ । विद्यालयका अगुवा समेत पूर्ण योग्य, दक्ष, तालिम प्राप्त एवं प्रजातान्त्रिक रुपले अगुवाई गर्ने हुनु पर्दछ । शिक्षक-विद्यार्थी अनुपात मिलान गरी सोही अनुरुप दरबन्दीको व्यवस्था गर्नु पर्दछ ।”

प्रशिक्षकका भनाई अनुसार : सुनिल मल्लिक

“शिक्षण गर्दा प्रतिबिम्बनको लागि आवश्यक सीप सम्बन्धी व्यावहारिक तालिमको व्यवस्था गर्नु पर्दछ । शिक्षकको नियुक्ति सक्षमता ( योग्यता र तालिम ) को आधारमा पक्षपातरहित ढंगले गर्ने व्यवस्था मिलाउनु पर्द छ । प्रतिबिम्बनको लागि आवश्यक शिक्षण प्रक्रियाको सम्पूर्ण अभिलेख अद्यावधिक गरेर राख्ने व्यवस्था मिलाउनु पर्दछ । शिक्षकले प्रतिबिम्बनको महत्व र त्यसको शिक्षण सिकाइमा उपयोगको बारेमा हालसम्म पनि अनभिज्ञ रहेकाले शिक्षकलाई आवश्यक जानकारीहरु उपलब्ध गराएर प्रोत्साहित गर्नुपर्दछ ।”

प्रधानाध्यापकहरुका भनाई अनुसार : कामेश्वर मल्लिक

“शिक्षकमा प्रतिबिम्बन सम्बन्धी सीपको अभाव रहेको तथा सकारात्मक मनोवृत्ति नभएकोले यसको लागि समय सापेक्ष तालिमको व्यवस्था मिलाउनु पर्दछ । शिक्षकलाई पूर्णकालिन रुपमा समर्पित बनाउन नीतिगत व्यवस्था गर्नु पर्दछ ।”

उपरोक्त प्रतिक्रियाहरुबाट शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बनको उपयोग सम्बन्धी समस्याहरुको समाधानका लागि शिक्षक नियुक्तिमा निष्पक्षता कायम गर्नु पर्दछ । प्रधानाध्यापकको भूमिका प्रजातान्त्रिक हुनु पर्दछ । शिक्षकलाई प्रतिबिम्बन सम्बन्धी सीपको

प्रदान गर्नको लागि व्यवहारिक र समय सापेक्ष तालिमको व्यवस्था गर्नु पर्ने , आवश्यक शिक्षण प्रक्रियाको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्ने तथा शिक्षकले प्रतिबिम्बनको महत्वलाई बुझेर त्यसको उपयोग गर्न सकियो भने यस सम्बन्धी समस्याहरुको समाधान हुन सक्ने देखिन्छ ।

### ४.५.२ सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख

शिक्षकले सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख राख्ने प्रणालीको विकास गर्न नसकेकाले विद्यार्थी तथा शिक्षकमा गर्नु पर्ने सुधारको लागि प्रतिबिम्बनको उपयोग हुन नसकेको समस्या यस अध्ययनको क्रममा देखिएको छ । यसको समाधानका उपायको खोजी गर्दा निम्नानुसारका उपायहरु बताएका थिए ।

प्रशिक्षकका भनाई अनुसार : सुनिल मल्लिक

"अभिलेखको महत्वबारे शिक्षकलाई बोध गराउनु पर्ने, सीप सिकाउन तालिमलाई व्यवहारिक बनाउनु पर्ने, अभिलेखको अनुगमनको व्यवस्था मिलाउनु पर्ने र शिक्षकलाई पूर्णकालिन रुपमा उपयोग गर्ने वातावरण बनाउनु पर्ने ।"

प्रधानाध्यापकहरुको भनाई अनुसार : विजय मण्डल

"शिक्षा नियमावलीमा आर्थिक अभिलेखको व्यवस्था भए जस्तै शैक्षिक अभिलेखको पनि स्पष्ट व्यवस्था हुनु पर्दछ । शिक्षकको राजनीतिक संलग्नता न्यून गर्ने उपायहरु अपनाउनु पर्दछ । शिक्षण प्रक्रियाको अभिलेख राख्ने सीप विकास गराउन तालिम दिनु पर्ने तथा शिक्षक-विद्यार्थी अनुपातको आधारमा दरबन्दीको व्यवस्था गर्नु पर्दछ । शिक्षकको सकारात्मक मनोवृत्ति विकास गर्नु पर्दछ ।"

शिक्षकको भनाई अनुसार : संनतोष साह

"अभिलेख राख्नको लागि घण्टीको भार कम गर्नु पर्दछ । स्पष्ट कार्य विभाजन गरी जिम्मेवारी बाँडफाँड गर्नु पर्दछ । थप पारिश्रमिकको व्यवस्था गर्नु पर्दछ । शैक्षणिक योजनाहरुको निर्माण पारदर्शी ढंगले स्टाफ बैठकको छलफलबाट गर्नु पर्दछ । विषयगत समिति निर्माण गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्दछ । अभिलेख राख्न विद्यालयले आवश्यक स्रोत साधनको व्यवस्था मिलाउनु पर्दछ ।"

विद्यार्थीहरुको भनाई अनुसार : समेश्वर साह

"शिक्षकले पूर्ण समय विद्यालयमा दिनु पर्दछ । विद्यार्थीले गरेको कार्यहरुको पनि अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्दछ । अभिलेख राख्ने व्यवस्था मिलाउन विद्यार्थीहरुको पनि सहयोग लिनु पर्दछ । सहयोगको लागि शिक्षक सदैव तत्पर रहनु पर्दछ ।"

उपरोक्त विवरणहरुबाट सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख सम्बन्धी रहेका समस्याहरुको समाधान गर्न शैक्षणिक अभिलेख सम्बन्धी नियमावलीमा व्यवस्था तथा त्यसको प्रभावकारी अनुगमन एवं सुपरिवेक्षण हुनु पर्ने देखिन्छ । अभिलेखको महत्व र अभिलेख राख्ने सीप सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्दछ । शिक्षकको राजनीतिक संलग्नता न्यून गरी पूर्णकालिन शिक्षक बनाउनु पर्दछ । शिक्षक-विद्यार्थी अनुपात मिलान गरी थप दरबन्दीको व्यवस्था गर्नु पर्दछ । अभिलेख राख्न विद्यार्थीको सहयोग लिनु पर्दछ भन्ने समाधानको उपायहरु यस अध्ययनबाट आएको छ ।

### ४.५.३ अभिभावकसँग सञ्चार

विद्यार्थीहरुको सिकाइ उपलब्धि तथा अन्य व्यवहारिक परिवर्तन सम्बन्धी जानकारी समयमा अभिभावकलाई दिन नसकेका समस्या यस अध्ययनको क्रममा देखिएको छ । सो समस्या समाधानका लागि शिक्षक र अभिभावक बीच दाहोरो सञ्चारको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । यो समस्याको समाधानका उपायहरु निम्नानुसार बताएका थिए ।

प्रशिक्षक तथा प्रधानाध्यापकहरुको भनाई अनुसार :

"विद्यालयमा गठित शिक्षक अभिभावक सँघको भूमिकालाई सक्रिय बनाउनु पर्दछ । विद्यार्थीहरुको प्रगति विवरण अभिभावक सम्म पुऱ्याउने व्यवस्था मिलाइ त्यसको अनुगमनको व्यवस्था मिलाउनु पर्दछ । शिक्षक अभिभावकबीच सञ्चारको लागि आवश्यक सीप सिकाउने तालिमको व्यवस्था गर्नँ पर्दछ र साथै शिक्षक अभिभावकको भेटघाटको मौका विद्यालय प्रशासनले उपलब्ध गराउनु पर्दछ ।"

शिक्षकको भनाई अनुसार : देवनन्दन ठाकुर

"विद्यालयले समय-समयमा शिक्षक-अभिभावकबीच अर्न्तक्रियाको व्यवस्था मिलाउनु पर्दछ । अभिभावकले आफनो विद्यार्थीको प्रगति बारेमा चासो राख्नु पर्दछ । विद्यार्थीको व्यवहारिक परिवर्तनको बारेमा शिक्षकसँग छलफल गर्नु पर्दछ । शिक्षकलाई सामाजिक परिवेशमा आदरणीय स्थान दिनुपर्दछ । चेतनामूलक कार्यक्रमहरु समय समयमा सञ्चालन गर्नुपर्दछ ।"

अभिभावकहरुको भनाई अनुसार : विन्देश्वर साह

“समय समयमा विद्यार्थी प्रगति तथा त्यसको व्यवहारिक परिवर्तनको बारेमा जानकारी गराउनु पर्दछ । विद्यालयले अभिभावकलाई शैक्षणिक क्रियाकलापमा संलग्न गराउने व्यवस्था मिलाउनु पर्दछ ।”

उपरोक्त विवरणहरुबाट स्पष्ट हुन्छ कि शिक्षक-अभिभावकबीच दोहोरो सञ्चार स्थापित गर्न शिक्षक र अभिभावक सँगसँगै विद्यालय व्यवस्थापनको पनि अहम भूमिका हुन्छ । यसको लागि अभिभावक भेला , अन्तर्क्रिया कार्यक्रम , चेतनामूलक कार्यक्रम तथा विद्यार्थी प्रगतिको बारेमा अभिभावकलाई जानकारी गराउने प्रणालीको विकास गर्नु पर्ने उपायहरु अपनाउनु पर्दछ ।

## ४.५.४ शैक्षणिक विकासमा योगदान

यस अध्ययनको क्रममा शैक्षणिक विकासमा शिक्षकको योगदान सम्बन्धी समस्याको समाधानका उपायहरुको खोजी गर्दा निम्नानुसारका उपायहरु बताएका थिए ।

प्रशिक्षकको भनाई अनुसार :

“शिक्षकमा पेशागत विकास गराउन दिइएको तालिमलाई प्रभावकारी बनाउन शिक्षकलाई उत्प्रेरित गर्ने किसिमको कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । शिक्षकको कार्य दक्षताको आधारमा मूल्याङ्कन गरी तलब, भत्ता, सरुवा बढुवा जस्ता सुविधाहरु प्रदान गर्नु पर्दछ ।”

प्रधानाध्यापकहरुको भनाई अनुसार :

“प्रमाणिकरण वा सक्षमतामा आधारित तालिम स्थानीय रुपमा संचालन नगरी अन्यत्र संचालन गर्दा बढी प्रभावकारी हने थियो । शिक्षकको कार्य क्षेत्र उसको आफनो घर भन्दा फरक ठाउँमा दिनु पर्दछ । निरीक्षण तथा अनुगमनको सघन व्यवस्था मिलाउनु पर्दछ । विद्यालीय क्रियाकलापमा अनिवार्य रुपले शिक्षकलाई जिम्मेवार बनाउनु पर्दछ । शिक्षकमा अन्वेषणात्मक क्रियाकलापमा संलग्न हुने गुणको विकास गराउनु पर्दछ । उत्प्रेरणामूलक कार्यक्रम तथा योजना निर्माण गर्ने खालको शिक्षा नीतिमा समयानुकुल परिमार्जन हुनु पर्दछ।”

शिक्षकको भनाई अनुसार :

“विद्यालयमा राम्रो शैक्षणिक वातावरण निर्माण गर्न प्रजातान्त्रिक व्यवस्थापन प्रणालीको

विकास गर्नु पर्दछ । शैक्षणिक विकासको लागि निरन्तर छलफलको वातावरण बनाउनु पर्दछ । शैक्षणिक योजनाहरुको निर्माण प्रत्येक शैक्षिक सत्रको शुरुवातमा सबै सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा गरिनु पर्दछ । योजना अनुरुपको कार्य भए/नभएको अनुगमन, मूल्याङ्कन एवं पृष्ठपोषणको समुचित व्यवस्था गर्नु पर्दछ । विद्यालयको साधन स्रोतको समुचित परिचालन गरी आवश्यक शैक्षणिक विकासमा मात्र लगाउने परिपाटीको विकास गर्नु पर्दछ ।"

यसरी शैक्षणिक विकासमा योगदान सम्बन्धी समस्याहरुको समाधान गर्न शिक्षकलाई उत्प्रेरित गर्न सक्ने प्रभावकारी तालिमको सञ्चालन र त्यसको वास्तविक कार्यक्षेत्रमा उपयोगको अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणको समुचित व्यवस्था गनु पर्ने, विद्यालीय योजना निर्माण र शैक्षणिक विकासको लागि प्रजातान्त्रिक व्यवस्थापन, निरन्तर छलफलको अभ्यास तथा शिक्षकको स्पष्ट कार्य विभाजन जस्ता उपायहरु अपनाएर शैक्षणि विकासमा योगदान सम्बन्धी समस्याहरुलाई न्यून गर्न सकिन्छ ।

### ४.५.५ पेशागत दक्षता प्रदर्शन

यस अध्ययनको क्रममा पेशागत दक्षता प्रदर्शन सम्बन्धी देखिएका समस्याहरुको समाधानका उपायहरुको खोजी गर्दा निम्नानुसारका उपायहरु आएको थियो ।

प्रशिक्षकको भनाई अनुसार :

"वर्तमान समय अनुकुल पेशागत दक्षता वृद्धि गर्ने तालिमको व्यवस्था मिलाउनु पर्दछ । पेशागत विकासको लागि शिक्षकलाई वास्तविक कक्षा शिक्षणमा प्राविधिक सहयोगको व्यवस्था मिलाउनु पर्दछ । सक्षम शिक्षकको नियुक्ति स्वच्छ प्रतिस्पर्धाबाट गरिनु पर्दछ । शिक्षकको मनोवृतिमा सकारात्मक परिवर्तन ल्याउने उपायहरु गर्नु पर्दछ ।"

प्रधानाध्यापकहरुको भनाई अनुसार :

"पेशागत दक्षता प्रदर्शन गर्न शिक्षकको मनोवृत्तिमा सकारात्मक परिवर्तनको लागि तालिम सञ्चालनसँगै सुविधा वृद्धि, गोष्ठी, सेमिनार, अध्ययन भ्रमण जस्ता उपायहरु अपनाउनु पर्दछ । शिक्षकले गरेको पेशागत दक्षता प्रदर्शनको अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा पृष्ठपोषणको समुचित व्यवस्था मिलाउनु पर्दछ । योजनाबद्ध शिक्षणको व्यवस्था मिलाउनु

पर्दछ । विद्यालयमा भौतिक पूर्वाधारको व्यवस्था मिलाउनु पर्दछ । पक्षपातरहित मूल्याङ्कन, पृष्ठपोषण तथा पूर्नबलको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । स्वतन्त्र एवं सन्तुलित विचार अभिव्यक्तिको वातावरण मिलाई शिक्षकलाई प्रोत्साहित गर्नु पर्दछ । सामाजिक उत्तरदायित्व वृद्धि गर्ने को कार्यक्रमहरु सञ्चालन गर्ने गराउने काम गर्नु पर्दछ ।"

शिक्षकको भनाई अनुसार :

"नयाँ-नयाँ शिक्षण विधि र प्रविधिको बारेमा तालिमको व्यवस्था गर्नु पर्दछ । विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रजातान्त्रिक सहभागितामूलक व्यवस्थापनका सिद्धान्त अनुरुप गर्नु पर्दछ । शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ । भौतिक पूर्वाधारको व्यवस्था मिलाउनु पर्दछ । सामूहिक छलफलको आधारमा शैक्षिक योजनाको निर्माण र कार्यान्वयन गर्न पर्दछ । शिक्षकको आर्थिक संकट माथि विचार पुऱ्याउनु पर्दछ । अन्य राष्ट्रसेवक सरहको सुविधा उपलब्ध गराउनु पर्दछ । पक्षपातरहित मूल्याङ्कन, पृष्ठपोषण तथा पूर्नबलको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । स्वतन्त्र एवं सन्तुलित विचार अभिव्यक्तिको वातावरण मिलाई शिक्षकलाई प्रोत्साहित गर्नु पर्दछ ।"

विद्यार्थी तथा अभिभावकहरुको भनाई अनुसार :

"स्थानीय शिक्षक नराख्ने, शिक्षक नियुक्ति, सरुवा, बढुवामाथि सरकारको नियन्त्रण हुनु पर्दछ । अन्य कर्मचारी जस्तै शिक्षकको पनि निश्चित अवधि पुरा गरी सरुवाको व्यवस्था गरिनु पर्दछ । अनुगमन तथा सुपरिवेक्षणको आधारमा शिक्षकलाई दण्ड वा पुरस्कार दिने अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिनु पर्दछ तर शिक्षक नियुक्तिको अधिकार राष्ट्रिय स्तरमा रहेको आयोगलाई मात्र हुनु पर्दछ ।"

यसरी शिक्षकको पेशागत दक्षता प्रदर्शन सम्बन्धी रहेका समस्याहरु समाधान गर्नको लागि सक्षम शिक्षकको नियुक्ति, प्रभावकारी तालिमको व्यवस्था, मूल्याङ्कन, पृष्ठपोषण र पुर्नबलको लागि समुचित अनुगमन एर्व सुपरिवेक्षणको व्यवस्था, योजनाबद्ध तथा निरन्तर शिक्षणको लागि विद्यालयमा प्रजातान्त्रिक सहभागितामूलक व्यवस्थापन प्रणालीको विकास, भौतिक पूर्वाधारको व्यवस्था लगायत शिक्षकको नियुक्ति, सरुवा, बढुवाको प्रक्रियामा समेत सुधार गर्नु पर्दछ । विद्यालयमा स्वतन्त्र एवं सन्तुलित विचारलाई प्रोत्साहन दिने किसिमले निरन्तर छलफल, अर्न्तक्रियाको माध्यमबाट योजना निर्माण र कार्यान्वयन गर्नु पर्दछ ।

# अनुच्छेद पाँच

# निष्कर्ष तथा सुझाव

नतिजा विश्लषणको आधारमा यस अध्ययनको उद्देश्य अनुरुप निकालिएको निष्कर्ष एवं सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

यस अध्ययनको लागि संकलित तथ्याङ्कहरुको व्याख्या विश्लेषणबाट अध्ययनको उद्देश्य अनुरुप आएका निष्कर्षहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।
यस अध्ययनको क्रममा संकलित तथ्याङ्कहरुको नतिजा विश्लेषणबाट शिक्षकको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षताको वर्तमान अवस्थामा पेशागत विकासको प्रयास सम्बन्धी दक्षता राम्रो रहेको तर अन्य शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन सम्बन्धी दक्षता, शिक्षण प्रक्रियाको अभिलेख सम्बन्धी दक्षता , अभिभावकसँगको सञ्चार सम्बन्धी दक्षता, शैक्षणिक विकासमा योगदान सम्बन्धी दक्षता र पेशागत दक्षताको प्रदर्शन सम्बन्धी दक्षतामा सुधार गर्नु पर्ने निष्कर्ष निकालिएको छ । शिक्षकको पेशागत उत्तर दायित्व सम्बन्धी दक्षता मध्ये शिक्षकले प्रतिबिम्बनको उपयोग एकदमै न्यून गरेका छन् ।

शिक्षण प्रक्रियाको अभिलेख नराखेको समस्या देखिएको छ । अभिभावकसँग सञ्चार सम्बन्धी दक्षतामा शिक्षक अभिभावक बीच दोहोरो सञ्चार नभएको समस्या देखिएको छ । शिक्षकले स्वतन्त्र तथा सन्तुलित विचार व्यक्त गरी सहकर्मीहरुसँग छलफल नगरेकोले शैक्षणिक विकासमा योगदान सम्बन्धी समस्या देखिएको छ । शिक्षकमा पेशागत दक्षताको अभाव रहेको तथा भएको दक्षता पनि प्रदर्शन गर्ने नगरेको समस्या देखिएको छ । शिक्षकको पेशागत दक्षताको वर्तमान अवस्था सम्बन्धी समूह छलफलबाट आएका निष्कर्षहरु निम्नानुसार पाईयो । शिक्षकले कक्षा शिक्षणको लागि तयारी र योजना गर्दैनन् । शिक्षकले सबै विद्यार्थीलाई सक्रिय गराउँदैनन् । शिक्षकले अभिभावकलाई समयमा विद्यार्थीको बारेमा जानकारी गराउँदैनन् । कक्षाकोठामा भौतिक साधन एवं शैक्षिक सामग्री विद्यार्थी संख्या अनुरुप छैनन् । प्रश्न गर्दा शिक्षकले गाली गर्छन् भने विद्यार्थीको गुनासो थियो भने विद्यार्थी अनुशासित नभएको शिक्षकको गुनासो थियो । समयमा कोर्स पुरा हुन नसकेको विद्यार्थीको गुनासो थियो भने पढाई हुने दिन कम भएको

शिक्षकको गुनासो थियो । शिक्षकले कक्षामा पुरा समय दिंदैनन् भने प्रधानाध्यापकको गुनासो पाइयो ।

शिक्षकको पेशागत दक्षतामा समस्या हुने कारणहरुको खोजी गर्न राखिएको प्रश्नहरुमा आएका प्रतिक्रियामा घरेलु कारण मध्ये सामाजिक अवस्थामा ३५.८९%, आर्थिक अवस्थामा ५६.४१%, पारिवारिक अवस्थामा ४४.६१% र धार्मिक अवस्थामा ५.१३% सरोकारवालाले प्रतिक्रिया जनाएकाले सामाजिक अवस्था, आर्थिक अवस्था र पारिवारिक अवस्था तीनवटै कारण रहेको स्पष्ट हुन्छ । विद्यालीय कारणमा सवभन्दा बढी ६२.८२% ले विद्यालयमा राजनीतिक प्रभाव र ४४.८७% ले शिक्षक विद्यार्थी अनुपातलाई कारण मानेका छन् । व्यक्तिगत विशेषता र शैक्षिक योग्यता सम्बन्धी कारणमा ५०% ले तालिमको अप्रयाप्ततालाई कारण मानेका छन् ।
शिक्षकको पेशागत दक्षतामा देखिएका चुनौतीहरुले शिक्षण सिकाइमा पारेको असरहरुको खोजी गर्न संकलित तथ्याङ्कहरुको आधारमा नतिजा विश्लेषण गर्दा विद्यार्थीहरुको सक्रिय सहभागिताको अभावमा सबै विद्यार्थीले समान अवसर प्राप्त गर्न नसकी शिक्षण सिकाइ दिगो र प्रभावकारी हुन सकेको छैन । विद्यार्थी तथा शिक्षक दुबैले आ-आफनो कार्यको प्रतिबिम्बन गर्न नसकेकोले सुधारको लागि हुनु पर्ने प्रयास हुन सकेको छैन । सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेखको अभावमा योजनाबद्ध, विद्यार्थी केन्द्रित सुधारात्मक तथा उपचारात्मक शिक्षण सिकाइ हुन सकेको छैन् । अभिभावक-शिक्षकबीच दोहोरो सञ्चार स्थापित हुन नसकेकोले विद्यार्थीको व्यवहार परिवर्तन तथा प्रगतिको बारेमा समयमा छलफल हुन नसकी सिकाइको उचित मौकाबाट विद्यार्थी वञ्चित हुन पुगेका छन् । शैक्षणिक विकासमा योगदान गर्न शिक्षकले स्वतन्त्र र सन्तुलित विचार व्यक्त गर्न नसकेका कारण विद्यालयमा शैक्षिक वातावरण राम्रो हुन सकेको छैन् । शिक्षक सक्रियताको अभावमा सह तथा अतिरिक्त क्रियाकलाप गराउन सकिएको छैन् । विद्यार्थी र शिक्षकमा विश्लेषणात्मक सोचाईको विकास हुन नसकेको तथा अनुशासनमा कमी भई सामाजिक विकृतिहरु बढदै गएको जस्ता प्रभावहरु परेको देखिन्छ । शिक्षकले पेशागत दक्षताको प्रदर्शन राम्ररी गर्न नसकेकाले विद्यार्थीहरुको सर्वाङ्गीण विकास हुन सकेका छैन् । विद्यार्थी सिकाइ प्रति उत्प्रेरित हुन नसकेको र सहभागितात्मक समतामूलक शिक्षण हुन नसकेको जस्ता असरहरु परेको देखिन्छ ।

शिक्षकको पेशागत दक्षतामा देखिएका समस्याहरुको समाधानका उपायहको बारे प्रश्नावलीमा राखिएका प्रश्नमा सरोकारवालाहरुबाट आएका प्रतिक्रिया तथा समूह छलफलबाट आवश्यकतामा आधारित तालिमको व्यवस्था गर्नु पर्ने, सक्षम एवं दक्ष शिक्षक नियुक्ति गर्नु पर्ने, मनोवृत्ति विकास तालिमको व्यवस्था गर्नु पर्ने , अनुगमन एवं सुपरिवेक्षणको प्रभावकारी व्यवस्था मिलाउनु पर्ने, दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था हुनु पर्ने, शिक्षक विद्यार्थी अनुपात अनुसार दरबन्दी मिलान गर्नु पर्ने, जीवन पर्यन्त अद्यावधिक हुने प्रयास शिक्षकले गर्नु पर्ने , सक्षम प्रधानाध्यापक नियुक्तिको व्यवस्था गर्नु पर्ने जस्ता उपायहरु आएको पाईयो । शिक्षकले पेशागत दक्षताको प्रदर्शन गरे विद्यार्थीहरुको सर्वाङ्गीण विकास हुन सक्दछ । तसर्थ शिक्षक नियुक्तिको समुचित व्यवस्थाको साथै शिक्षक विकास एवं शिक्षकको पेशागत दक्षता अभिवृद्धि समेतमा निर्माणवादी शिक्षण सिद्धान्तका समर्थक चार्लोट डेनियल्सनले उल्लेख गरेका ढाँचा अनुसार नै शिक्षकको पेशागत उत्तरदायित्व सम्बन्धी दक्षता विकासको लागि प्रयास गर्नु पर्ने देखिन्छ ।

## ५.२ सुझाव

यस अध्ययनमा माध्यमिक शिक्षकको पेशागत दक्षताको वर्तमान अवस्था तथा त्यसबाट सिकाइमा परेको असरहरुको व्याख्या विश्लेषण गरी समाधानका उपायहरु औंल्याउने प्रयास गरिएको छ । यस अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकबाट संकलित तथ्याङ्कहरुको व्याख्या विश्लेषणबाट आएका निष्कर्ष तथा प्राप्तिहरुको आधारमा निम्नानुसारको सुझावहरु नीतिगत तह , अभ्यास तह र अनुसन्धान तहमा दिईएको छ ।

### ५.२.१ नीतिगत तह

शिक्षकको नियुक्ति सम्बन्धी निष्पक्ष तथा प्रभावकारी व्यवस्थाको लागि नेपाल सरकारका निकायहरुले नीति नियमहरुको निर्माण तथा कार्यान्वयन गर्नु पर्दछ । शिक्षक विकासको लागि दिईने तालिमको पाठ्यक्रम र प्याकेजले हालसम्म पनि प्रतिफल दिन नसकेकोले सोको परिमार्जनको लागि व्यवस्था सम्बधित पाठ्यक्रम विकास शाखाले मिलाउनु पर्दछ । शिक्षकको न्युनतम पेशागत क्षमताको सर्वस्वीकृत ढाँचा निर्माण गरी सोही अनुसारको पेशागत विकासको व्यवस्था तालिम सञ्चालन गर्ने निकायहरुले मिलाउनु पर्दछ । अनुगमन तथा सुपरिवेक्षणको

अभाव देखिएकोले त्यसको प्रभावकारी व्यवस्था गरी सोही अनुसारको न्यायोचित दण्ड र पुरस्कारको व्यवस्था मिलाउन नीति निर्माण गर्नु पर्दछ । वर्तमान समयमा सञ्चार क्षेत्रमा भएको विकासलाई उपयोग गरी शिक्षकको पेशागत दक्षता अभिवृद्धि गराउन शिक्षक सञ्जाल तथा अनलाईन स्रोत सामग्रीको व्यवस्था मिलाउन नेपाल सरकारले सशक्त नीति बनाउनु पर्दछ । शिक्षक पेशागत दक्षता विकास गर्न तथा प्रदर्शन गर्न उत्प्रेरित हुन सक्ने गरी नीति नियमहरुमा परिमार्जनको आवश्यकता देखिएकोले सो अनुसारको परिमार्जन गर्नुपर्दछ ।

### ५.३.२ कार्यान्वयन तह

यस अध्ययनमा शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरी अधिकतम प्रतिफल कसरी लिन सकिन्छ भने खोजी गर्ने उद्देश्य रहेको थियो । यस अध्ययनबाट आएको निष्कर्ष तथा प्राप्तिहरुको आधारमा कार्यगत क्षेत्रको लागि निम्न सुझावहरु दिईएको छ । शिक्षक आफनो पेशागत दक्षता विकासको लागि सदैव आफै तत्पर रहनु पर्दछ ।  पेशागत विकास गर्नको लागि आफनो कार्यलाई प्रतिबिम्बन गर्ने बानी बसालेर त्यसमा देखिएका कमी कमजोरीलाई हटाउने प्रयास गर्दै जानु पर्दछ । तालिम लिएर मात्र होईन त्यसको उपयोग गरेर पेशागत दक्षता बढाउन सकिन्छ भने शिक्षकले बुझनु पर्दछ र साथै संस्थागत रुपमा पनि सोको व्यवस्था हुनुपर्दछ । गुणस्तरीय शैक्षिक वातावरणमा मात्र शिक्षकको पेशागत दक्षताको विकास हुन सक्ने र त्यसले राम्रो प्रतिफल दिन सक्ने भएकोले शिक्षासँग सम्बन्धित सबै सरोकारवालहरुले यसको लागि समर्पित र इमान्दार हुनु आवश्यक छ । शिक्षकको पेशागत दक्षताबाट अधिकतम प्रतिफल लिनको लागि शिक्षक-विद्यार्थी अनुपात, कक्षाकोठामा बसाई व्यस्था, शैक्षिक सामग्री लगायतका शैक्षिक वातावरण मिलाउनु पर्दछ । शिक्षकको पेशागत दक्षताको उपयोग र विकासको लागि प्रधानाध्यापकको महत्वपूर्ण जिम्मेवारी रहने भएकोले सक्षम प्रधानाध्यापकको लागि प्रतिस्पर्धात्मक व्यवस्था अनुसार नै नियुक्ति गर्नुपर्दछ र प्रधानाध्यपकले पनि शिक्षकको पेशागत दक्षताको अनुगमन गरी त्यसको विकासको लागि व्यवस्था मिलाउनु पर्दछ ।

### ५.३.३ अनुसन्धान तह

यस अध्ययनमा शिक्षकको पेशागत दक्षतामा देखिएका कमीको कारणहरु बारे अन्य धेरै कारणहरु हुन सक्दछन् । त्यस्तै पेशागत दक्षतामा देखिएका समस्याहरुको समाधानका उपायहरु पनि अन्य थुप्रै हुन सक्दछन् । तसर्थ यो विषयमा अरु थप अनुसन्धानको आवश्यकता अझै

बाँकी रहेको छ । यो विषयवस्तुमा आधारित रही गर्न सक्ने अन्य अध्ययन यस प्रकार हुन सक्दछ । यस अध्ययनमा माध्यमिक तहका शिक्षकको मात्र अध्ययन गरिएकोले अन्य तहका शिक्षहरुको अध्ययन गर्न सकिन्छ । फरक तरिकाबाट तालिमप्राप्त शिक्षकको पेशागत दक्षताबीच तुलनात्मक अध्ययन गर्न सकिन्छ । पेशागत दक्षता तथा अन्य चरहरु जस्तै : विद्यार्थीको सिकाइ उपलब्धि, विद्यार्थीको व्यवहार परिवर्तन बीच सम्बन्धबारे अध्ययन गर्न सकिन्छ । पेशागत दक्षता तथा विद्यालयको स्तरीयताबीच तुलनात्मक अध्ययन गर्न सकिन्छ । यही अध्ययनलाई पनि सिमाक्षेत्र विस्तार गरेर गर्न सकिन्छ । शिक्षकको पेशागत दक्षतामा वृद्धिको प्रयास तथा त्यसको प्रभाकारितालाई कार्यमूलक अनुसन्धानको रुपमा गर्न सकिन्छ ।

**सन्दर्भ ग्रन्थ सूची**


सिवाकोटी , गोपाल (२०६६), *अनुसन्धान पद्धति र प्रतिवेदन लेखन* , काठमाडौं , पैरवी प्रकाशन ।

खनाल , पेशल (२०६२) , *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौ कीर्तिपुर, *सनलाइट पब्लिकेसन* ।

लोहनी , गुणराज (२०६५ ),*आगामी शिक्षाको प्रारूप, शिक्षक शिक्षा,* शैक्षिक जनशक्ति विकास केन्द्र , सानोठिमी, भक्तपुर ।

भट्टराई , गोविन्दराज (२०६५),*आधुनिकतावाद, उत्तरआधुनिकतावाद तथा परिवर्तित सन्दर्भमा शिक्षकको नयाँ भूमिका,* शिक्षक शिक्षा, शैक्षिक जनशक्ति विकास केन्द्र , सानोठिमी, भक्तपुर

बास्तोला , धर्मेन्द्र (२०६५), *राष्ट्र निर्माणको बलियो आधार : शिक्षामा मौलिक अधिकार नयाँ नेपालको शिक्षा नीति,* दुर शिक्षा , शिक्षा विभाग, भक्तपुर

धामी , श्यामसिंह (२०६५), *तालिमको मूल्याङ्कन तथा तालिम कार्यक्रमको प्रभावकारिताबीचको अन्तरसम्बन्ध,* दुर शिक्षा , शिक्षा विभाग, भक्तपुर

श्रेष्ठ , हर्कप्रसाद (२०६६), *शिक्षक विकासका ढाँचा र पेसागत विकासका अभ्यासहरु,* शिक्षक शिक्षा, शैक्षिक जनशक्ति विकास केन्द्र , सानोठिमी, भक्तपुर

लम्साल , हरिप्रसाद (२०६६), *विद्यार्थीको शैक्षिक उपलब्धिमा शिक्षकको भूमिका* ,शिक्षक शिक्षा, शैक्षिक जनशक्ति विकास केन्द्र , सानोठिमी, भक्तपुर

तालिम पाठ्यक्रम (२०६१), *सक्षमतामा आधारित १० महिने माध्यमिक शिक्षक तालिम पाठ्यक्रम एक परिचय,* शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर : लेखक

तालिम निर्देशिका (२०६७), *दूर शिक्षामा आधारित दश महिने सेवाकालिन तालिम कार्यक्रम,* शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर : लेखक

अधिकारी, कमल पाल (२०६५), *कक्षा शिक्षणमा तालिमको प्रभावकारिता अध्ययन,* अप्रकाशित शोधपत्र त्रि.वि.वि. काठमाडौं
.

*त्रिवर्षीय अन्तरीम योजना,* (२०६५), राष्ट्रिय योजना आयोग, काठमाडौं : लेखक

*विद्यालय क्षेत्र सुधार योजना,* (२०६६), शिक्षा मन्त्रालय, नेपाल सरकार , काठमाडौं : लेखक

Timilsina , Basudev (2067) . *Impact of Secondary Level Teacher Training on the Classroom Situation* . An unpublished Master's Thesis,Submited to T.R.M Campus, Birgung . T.U. Kirtipur

Vygotsky , S.L. (1930). *Social Constructivism. vygotskys-social-learning-theory.htm* . www.learning-theories.com/

Danielson , C. (1996) . *Enhancing Professional Practice: A Framework for Teachin* . www.danielsongroup.org

Kothari, C.R. (1997) . *Research Methodology, Methods & Techniques*. Wishwa Prakashan, Daryagnj . New Delhi.

NCED,(2003) . *Teacher Training Follow-up study Report*. NCED, Sanothimi . Bhaktapur.

# शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव

## अनूसूची - १

अध्ययनको नमूना

| क्र.सं. | विवरण | प्रत्येक विद्यालयबाट छनोट गरिएको संख्या | जम्मा नमुनाको संख्या |
|---|---|---|---|
| १ | प्रधानाध्यापक | १ | ८ |
| २ | शिक्षक | २ | १६ |
| ३ | विद्यार्थी (छात्र-२/छात्रा-२) | ४ | ३२ |
| ४ | वि.व्य.स.पदाधिकारी | १ | ८ |
| ५ | ऋभिभावक | २ | १६ |
| ६ | प्रशिक्षक | | ६ |
| | जम्मा | | ८६ |

छनोट गरिएको सरोकारवालाहरुको नामावली

| क्र.सं. | नम | सरोकारवाला | विद्यालय/संस्थाको नाम |
|---|---|---|---|
| १ | अरविन्द लाल कर्ण | प्रशिक्षक | शैक्षिक तालिम केन्द्र |
| २ | उमेश चन्द्र लाल | प्रशिक्षक | शैक्षिक तालिम केन्द्र |
| ३ | मेहीलाल यादव | प्रशिक्षक | शैक्षिक तालिम केन्द्र |
| ४ | सुनील कुमार मल्लिक | प्रशिक्षक | शैक्षिक तालिम उपकेन्द्र |
| ५ | रासलाल महतो | प्रशिक्षक | शैक्षिक तालिम उपकेन्द्र |
| ६ | सुखचन्द्रलाल कर्ण | प्रशिक्षक | शैक्षिक तालिम उपकेन्द्र |
| ७ | सत्यनारायण मण्डल | प्र.अ. | सरस्वती नमुना मा.वि.जनकपुर |
| ८ | योगेन्द्र लाल कर्ण | शिक्षक | सरस्वती नमुना मा.वि.जनकपुर |
| ९ | अनिल कुमार झा | शिक्षक | सरस्वती नमुना मा.वि.जनकपुर |
| १० | महेश साह | विद्यार्थी | सरस्वती नमुना मा.वि.जनकपुर |
| ११ | बासु पराजुली | विद्यार्थी | सरस्वती नमुना मा.वि.जनकपुर |
| १२ | सोनी ठाकुर | विद्यार्थी | सरस्वती नमुना मा.वि.जनकपुर |
| १३ | प्रमोद साह | विद्यार्थी | सरस्वती नमुना मा.वि.जनकपुर |
| १४ | कन्हैया लाल कर्ण | वि.व्य.स. | सरस्वती नमुना मा.वि.जनकपुर |
| १५ | ललिता साह | अभिभावक | सरस्वती नमुना मा.वि.जनकपुर |
| १६ | लक्ष्मी नारायण साह | प्र.अ. | जानकी मा.वि. जनकपुर |
| १७ | देवकान्त लाल कर्ण | शिक्षक | जानकी मा.वि. जनकपुर |
| १८ | राजेश कुमार सिंह | शिक्षक | जानकी मा.वि. जनकपुर |
| १९ | सरस्वती कुमारी ठाकुर | विद्यार्थी | जानकी मा.वि. जनकपुर |
| २० | अमृता कुमारी यादव | विद्यार्थी | जानकी मा.वि. जनकपुर |
| २१ | रिमा कुमारी भगत | विद्यार्थी | जानकी मा.वि. जनकपुर |

| | | | |
|---|---|---|---|
| २२ | पिंकी कुमारी झा | विद्यार्थी | जानकी मा.वि. जनकपुर |
| २३ | हरिकिशोर लाभ | वि.व्य.स. | जानकी मा.वि. जनकपुर |
| २४ | गौरी शंकर लाल | अभिभावक | जानकी मा.वि. जनकपुर |
| २५ | बलिराम साह | प्र.अ. | सं.मो उच्च मा.वि. जनकपुर |
| २६ | रामचन्द्र ठाकुर | शिक्षक | सं.मो उच्च मा.वि. जनकपुर |
| २७ | अरुण कुमार कर्ण | शिक्षक | सं.मो उच्च मा.वि. जनकपुर |
| २८ | अम्बर कुमार ठाकुर | विद्यार्थी | सं.मो उच्च मा.वि. जनकपुर |
| २९ | संजीव कुमार यादव | विद्यार्थी | सं.मो उच्च मा.वि. जनकपुर |
| ३० | सरस्वती श्रेष्ठ | विद्यार्थी | सं.मो उच्च मा.वि. जनकपुर |
| ३१ | सोहाना खातुन | विद्यार्थी | सं.मो उच्च मा.वि. जनकपुर |
| ३२ | बजरँग साह | वि.व्य.स. | सं.मो उच्च मा.वि. जनकपुर |
| ३३ | चाँदनी चौधरी | अभिभावक | सं.मो उच्च मा.वि. जनकपुर |
| ३४ | पशुपति मण्डल | प्र.अ. | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ३५ | रामचन्द्र साह | शिक्षक | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ३६ | कालीचरण प्रधान | शिक्षक | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ३७ | अनिता कुमारी | विद्यार्थी | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ३८ | चाँदनी कुमारी साह | विद्यार्थी | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ३९ | खुश्बु साह | विद्यार्थी | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ४० | किरण यादव | विद्यार्थी | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ४१ | ज्ञान कुमार मण्डल | वि.व्य.स. | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ४२ | उपेन्द्र चौधरी | अभिभावक | स.भ.कन्या उ. मा.वि. जनकपुर |
| ४३ | अशोक कुमार कर्ण | प्र.अ. | रा.नि.उ.मा.वि. नगराईन |
| ४४ | देवेन्द्र कुमार लाभ | शिक्षक | रा.नि.उ.मा.वि. नगराईन |
| ४५ | महावीर दास | शिक्षक | रा.नि.उ.मा.वि. नगराईन |
| ४६ | कमलेश कुमार राउत | विद्यार्थी | रा.नि.उ.मा.वि. नगराईन |
| ४७ | अंजनी कुमारी यादव | विद्यार्थी | रा.नि.उ.मा.वि. नगराईन |
| ४८ | अजय कुमार यादव | विद्यार्थी | रा.नि.उ.मा.वि. नगराईन |
| ४९ | शिखा कुमारी कर्ण | विद्यार्थी | रा.नि.उ.मा.वि. नगराईन |
| ५० | देवनारायण यादव | वि.व्य.स. | रा.नि.उ.मा.वि. नगराईन |
| ५१ | जितेन्द्र कुमार झा | अभिभावक | रा.नि.उ.मा.वि. नगराईन |
| ५२ | इन्द्रकान्त झा | प्र.अ. | जनता मा.वि. देवपुरा |
| ५३ | पवन कुमार कर्ण | शिक्षक | जनता मा.वि. देवपुरा |
| ५४ | गंगा प्रसाद साह | शिक्षक | जनता मा.वि. देवपुरा |
| ५५ | अनिल कुमार पासवान | विद्यार्थी | जनता मा.वि. देवपुरा |
| ५६ | शम्भु कुमार दास | विद्यार्थी | जनता मा.वि. देवपुरा |
| ५७ | रामसागर दास | विद्यार्थी | जनता मा.वि. देवपुरा |
| ५८ | रामशंकर दास | विद्यार्थी | जनता मा.वि. देवपुरा |
| ५९ | सौखीलाल पासवान | वि.व्य.स. | जनता मा.वि. देवपुरा |
| ६० | ऋघनु मुखिया | अभिभावक | जनता मा.वि. देवपुरा |
| ६१ | शीतल यादव | प्र.अ. | गिरिजा मा.वि.फुलगामा |

| | | | |
|---|---|---|---|
| ६२ | सियालाल मण्डल | शिक्षक | गिरिजा मा.वि.फुलगामा |
| ६३ | नवेन्द्र कुमार निरज | शिक्षक | गिरिजा मा.वि.फुलगामा |
| ६४ | रमेश साह | विद्यार्थी | गिरिजा मा.वि.फुलगामा |
| ६५ | कमल साह | विद्यार्थी | गिरिजा मा.वि.फुलगामा |
| ६६ | विमल महतो | विद्यार्थी | गिरिजा मा.वि.फुलगामा |
| ६७ | रमेश महतो | विद्यार्थी | गिरिजा मा.वि.फुलगामा |
| ६८ | श्यामकिशोर यादव | वि.व्य.स. | गिरिजा मा.वि.फुलगामा |
| ६९ | मदन महतो | अभिभावक | गिरिजा मा.वि.फुलगामा |
| ७० | बलदेव महतो | प्र.अ. | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७१ | रामदेव पुर्वे | शिक्षक | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७२ | श्याम महतो | शिक्षक | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७३ | मंजु कुमारी महतो | विद्यार्थी | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७४ | कमलेश कुमार यादव | विद्यार्थी | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७५ | संजय कुमार महतो | विद्यार्थी | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७६ | मों मास्तकीम अंसारी | विद्यार्थी | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७७ | कविन्द्र ठाकुर | वि.व्य.स. | वै.द.ज.उ. मा.वि. तुल्सियाही |
| ७८ | पुनम कुमारी साह | अभिभावक | वै.द.ज.उ. मा.वि. तुल्सियाही |

## शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव

### अनुसूची - २

### शिक्षकको लागि

### प्रश्नावली

१. नाम :..................................... शैक्षिक योग्यता : .......................

२. कार्यरत कार्यालयको नाम : पद : ......................

अनुभव वर्ष : ................

तलका प्रश्नहरुमा बक्समा दिएको मध्ये कुनै एक लेखेर आफनो प्रतिक्रिया जनाई दिनुहोला । यस फारमबाट संकलित तथ्याङ्क अनुसन्धान कार्यको लागि मात्र प्रयोग गरिने छ ।

| | | | |
|---|---|---|---|
| १. कहिल्यै पनि होईन | २. कहिलेकाहीं | ३. बारम्बार | ४. संधै |

१. तपाई आफनो शिक्षण कार्यमा प्रतिबिम्बनको उपयोग कतिको गर्नुहुन्छ ?

२. प्रतिबिम्बन गर्नको लागि दैनिक पाठ योजना बनाउनु हुन्छ ?

३. पाठयोजनामा राखिएको उद्देश्य प्राप्त भए/नभएको पुनःविचार गर्नुहुन्छ ?

४. प्रतिबिम्बनको आधारमा शिक्षण क्रियाकलापमा सुधार गर्ने उपायको खोजी कतिको गर्नु हुन्छ

५. तपाई आफनो शिक्षण प्रक्रियाको अभिलेख राख्नु हुन्छ ?

६. विद्यार्थीले गरेको सम्पूर्ण कार्यहरुको अभिलेख राख्ने गर्नु हुन्छ ?

७. विद्यार्थीहरुको सिकाइ उपलब्धिमा भएको उन्नतिको अभिलेख राख्ने प्रणालीको विकास गरी प्रयोग गर्नु हुन्छ ?

८. विद्यार्थीहरुको अभिभावकसँग कतिको सञ्चार गर्नु हुन्छ ?

९. विद्यार्थीको सिकाइ उपलब्धिको बारेमा सही जानकारी अभिभावकलाई उपलब्ध गराउनु हुन्छ

१०. विद्यार्थीका अन्य आचरण सम्बन्धी जानकारी गराउने कार्य गर्नुहुन्छ ?

११. अभिभावकलाई शिक्षण क्रियाकलापमा संलग्न हुन उत्प्रेरित गर्ने कार्य कतिको गर्नु हुन्छ

१२. तपाई आफनो सहकर्मीसँगको सम्बन्धलाई सुमधुर बनाएर विद्यालयलाई कतिको सहयोग गर्नु हुन्छ ?

१३. विद्यालयका सबै कार्यक्रममा तपाई कतिको सहयोग गर्नु हुन्छ ?

१४. विद्यालय एवं राष्ट्रिय स्तरको परियोजनाहरुमा तपाईको सक्रिय संलग्नता कतिको हुन्छ

१५. तपाई आफनो पेशागत विकास गर्नको लागि कतिको प्रयास गर्नुहुन्छ ?

१६. शिक्षण सम्बन्धी ज्ञान र सीपमा रहेका कमजोर पक्षलाई हटाउने अवसर प्राप्त गर्न कतिको प्रयास गर्नु हुन्छ ?

१७. शैक्षिक क्षेत्रमा काम गर्ने अन्य मानिसबाट सहयोग लिने गर्नु हुन्छ ?

१८. तपाई आफनो पेशागत दक्षता प्रदर्शन गर्न विद्यार्थीलाई सहयोग गर्न कतिको तत्पर रहनु हुन्छ

१९. सबै विद्यार्थीलाई समुचित अवसर प्रदान गर्न अरु सहकर्मीसँग कतिको सहकार्य गर्नुहुन्छ?

२०. विभागीय अथवा विद्यालीय निर्णय समयमा तपाईले आफनो स्वतन्त्र एवं सम्तुलित विचार कतिको प्रस्तुत गर्नुहुन्छ ?

२१. तपाईको विचारमा कुन-कुन पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा समस्या रहेको ठान्नुहुन्छ ? चिन्ह लगाईदिनुहोला ।

क) शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन    ख) सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख

ग) अभिभावकहरुसँगको सञ्चार    घ) शैक्षणिक विकासमा योगदान

ङ) पेशागत विकासको प्रयास    च) पेशागत दक्षताको प्रस्तुति

२२. शिक्षकमा पेशागत दक्षतामा समस्या भएको ठान्नुहुन्छ भने त्यसको कारणहरु के-के हुन् ?

क) घरेलु कारण मध्ये तलका कुन-कुन कारण, त्यसमा चिन्ह लगाउनुहोला अन्य भए थप्नुहोला

अ) सामाजिक अवस्था    आ) आर्थिक अवस्था    इ) पारिवारिक पृष्ठभूमि

ई) धार्मिक पृष्ठभूमि    उ) ....................    उ)..........................

ख) विद्यालीय कारण मध्ये तलका कुन-कुन कारण, त्यसमा चिन्ह लगाउनुहोला,अन्य भए थप्नुहोला ।

अ) भौतिक स्रोत र साधन    आ) विद्यार्थी सिकाइ प्रवृत्ति    इ) शिक्षक विद्यार्थी अनुपात

ई) कक्षाकोठाको आकार    उ) विद्यालयमा राजनीतिक प्रभाव

ऊ) .........................    ए) ............................ऐ) ..........................

ग) आफनो व्यक्तिगत कारण मध्ये तलका कुन-कुन कारण, त्यसमा चिन्ह लगाउनु होला अथवा अन्य भए थप दिनुहोला ।

अ) बौद्धिकताको अभाव आ) शैक्षिक योग्यताको कमी    इ) भाषगत क्षमताको कमी

ई) शिक्षण अनुभवको कमी    उ) विषयगत दक्षताको कमी    ऊ) तालिमको अप्रयाप्तता

ए) ...........................    ऐ) ............................    आ) .........................

२३. शिक्षकको पेशागत दक्षतामा देखिएका समस्याहरुले शिक्षण सिकाइमा कुन-कुन प्रभाव परेको छ

क).............................................ख)...................................................

ग).............................................घ) ..................................................

२४. शिक्षकको पेशागत दक्षतामा भएको कमी कमजोरीलाई न्यून गर्न के-कस्तो उपायहरु ऋपनाउन सकिन्छ ? तल उल्लेख गरी दिनुहोला ।

क) .............................................ख) ............................................

ग).............................................घ) ............................................

# शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव

## अनुसूची - ३

## प्रधानाध्यापक र प्रशिक्षकको लागि

## प्रश्नावली

१. नाम :........................................... शैक्षिक योग्यता : ........................

२. कार्यरत कार्यालयको नाम : पद : ......................

तलका प्रश्नहरुमा बक्समा दिएको मध्ये कुनै एक लेखेर आफनो प्रतिक्रिया जनाई दिनुहोला । प्रतिक्रिया जनाउँदा यस क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत माध्यमिक शिक्षकले देखाउने पेशागत दक्षताको आधारमा प्रतिक्रिया जनाई दिनुहोल । यस फारमबाट संकलित तथ्याङ्क अनुसन्धान कार्यको लागि मात्र प्रयोग गरिने छ ।

१. शिक्षकले आफनो शिक्षण कार्यमा प्रतिबिम्बनको उपयोग कतिको गर्नुहुन्छ ?

२. के शिक्षकले प्रतिबिम्बन गर्नको लागि दैनिक पाठ योजना बनाउनु हुन्छ ?

३. पाठयोजनामा राखिएको उद्देश्य प्राप्त भए/नभएको पुनःविचार गर्नुहुन्छ ?

४. शिक्षकले प्रतिबिम्बनको आधारमा शिक्षण क्रियाकलापमा सुधार गर्ने उपायको खोजी कतिको गर्नु हुन्छ ?

५. शिक्षकले आफनो शिक्षण प्रक्रियाको अभिलेख राख्नु हुन्छ ?

६. विद्यार्थीले गरेको सम्पूर्ण कार्यहरुको अभिलेख राख्ने कार्य शिक्षकले कतिको गर्नु हुन्छ ?

७. विद्यार्थीहरुको सिकाइ उपलब्धिमा भएको उन्नतिको अभिलेख राख्ने प्रणालीको विकास गरी त्यसको प्रयोग शिक्षकले कतिको गर्नु हुन्छ ?

८. शिक्षकले विद्यार्थीहरुको अभिभावकसँग कतिको सञ्चार गर्नु हुन्छ ?

९.शिक्षकले विद्यार्थीका अन्य आचरण सम्बन्धी जानकारी गराउने कार्य कतिको गर्नुहुन्छ ?

१०.अभिभावकलाई शिक्षण क्रियाकलापमा संलग्न हुन उत्प्रेरित गर्ने कार्य कतिको गर्नु हुन्छ ?

११.विद्यालयका सबै कार्यक्रममा शिक्षकले कतिको सहयोग गर्नु हुन्छ ?

१२.विद्यालय एवं राष्ट्रिय स्तरको परियोजनाहरुमा शिक्षकको सक्रिय एवं संलग्नता कतिको हुन्छ?

१३.शिक्षकले आफनो पेशागत विकास गर्नको लागि कतिको प्रयास गर्नुहुन्छ ?

१४. शिक्षण सम्बन्धी ज्ञान र सीपमा रहेका कमजोर पक्षलाई हटाउने अवसर प्राप्त गर्न शिक्षक कतिको प्रयास गर्नु हुन्छ ?

१५. शैक्षिक क्षेत्रमा काम गर्ने अन्य मानिसबाट सहयोग लिने कार्य शिक्षकले गर्नु हुन्छ ?...........

१६.शिक्षकले आफनो पेशागत दक्षता प्रदर्शन गर्न विद्यार्थीलाई सहयोग गर्न कतिको तत्पर रहनु हुन्छ?

१७. सबै विद्यार्थीलाई समुचित अवसर प्रदान गर्न शिक्षकले अरु सहकर्मीसँग कतिको सहकार्य गर्नुहुन्छ ?

१८. विभागीय अथवा विद्यालीय निर्णय समयमा शिक्षकले आफनो स्वतन्त्र एवं सन्तुलित विचार कतिको प्रस्तुत गर्नुहुन्छ ?

१९. तपाईको विचारमा शिक्षकको कुन-कुन पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा समस्या रहेको ठान्नुहुन्छ ?

२०. शिक्षकको पेशागत दक्षतामा समस्या भएको ठान्नुहुन्छ भने त्यसको कारणहरु के-के हुन् ?

क) घरेलु कारण मध्ये तलका कुन-कुन कारण, त्यसमा चिन्ह लगाउनुहोला अन्य भए थप्नुहोला ।

ख) विद्यालीय कारण मध्ये तलका कुन-कुन कारण, त्यसमा चिन्ह लगाउनुहोला,अन्य भए थप्नुहोला ।

ग) आफनो व्यक्तिगत कारण मध्ये तलका कुन-कुन कारण, त्यसमा चिन्ह लगाउनु होला अथवा अन्य भए थप दिनुहोला ।

२१. शिक्षकको पेशागत दक्षतामा देखिएका समस्याहरुले शिक्षण सिकाइमा के प्रभाव परेको छ ?

२२. शिक्षकको पेशागत दक्षतामा भएको कमी कमजोरीलाई न्यून गर्न के-कस्तो उपायहरु अपनाउन सकिन्छ ? तल उल्लेख गरी दिनुहोला ।

# शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव

## अनुसूची - ३

### विद्यार्थी, अभिभावक र वि.व्य.स.को पदाधिकारीहरुको लागि

### प्रश्नावली

१. नाम :.......................................... शैक्षिक योग्यता : .......................

२. कार्यरत कार्यालयको नाम : पद : ......................

तलका प्रश्नहरुमा बक्समा दिएको मध्ये कुनै एक लेखेर आफनो प्रतिक्रिया जनाई दिनुहोला । प्रतिक्रिया जनाउँदा तपाईको विद्याालयमा कार्यरत माध्यमिक शिक्षकले देखाउने पेशागत दक्षताको आधारमा प्रतिक्रिया जनाई दिनुहोल । यस फारमबाट संकलित तथ्याङ्क अनुसन्धान कार्यको लागि मात्र प्रयोग गरिने छ ।

१. शिक्षकले आफनो शिक्षण कार्यमा प्रतिबिम्बनको उपयोग कतिको गर्नुहुन्छ ?

२. के शिक्षकले प्रतिबिम्बन गर्नको लागि दैनिक पाठ योजना बनाउनु हुन्छ ?

३. शिक्षकले प्रतिबिम्बनको आधारमा शिक्षण क्रियाकलापमा सुधार गर्ने उपायको खोजी कतिको गर्नु हुन्छ ?

४. शिक्षकले आफनो सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख कतिको राख्नु हुन्छ ?

५. विद्यार्थीले गरेको सम्पूर्ण कार्यहरुको अभिलेख राख्ने कार्य शिक्षकले कतिको गर्नु हुन्छ

६. शिक्षकले विद्यार्थीहरुको अभिभावकसँग कतिको सञ्चार गर्नु हुन्छ ?

७.शिक्षकले विद्यार्थीका आचरण सम्बन्धी जानकारी गराउने कार्य कतिको गर्नुहुन्छ ?

८.अभिभावकलाई शिक्षण क्रियाकलापमा संलग्न हुन उत्प्रेरित गर्ने कार्य कतिको गर्नु हुन्छ ?

९.विद्यालयका सबै कार्यक्रममा शिक्षकले कतिको सहयोग गर्नु हुन्छ ?

१०.शिक्षकले आफनो पेशागत विकास गर्नको लागि कतिको प्रयास गर्नुहुन्छ ?

११.शिक्षण सम्बन्धी ज्ञान र सीपमा रहेका कमजोर पक्षलाई हटाउने अवसर प्राप्त गर्न शिक्षक कतिको प्रयास गर्नु हुन्छ ?

१२. शैक्षिक क्षेत्रमा काम गर्ने अन्य मानिसबाट सहयोग लिने कार्य शिक्षकले गर्नु हुन्छ ?

१३.शिक्षकले आफनो पेशागत दक्षता प्रदर्शन गर्न विद्यार्थीलाई सहयोग गर्न कतिको तत्पर रहनु हुन्छ?

१४. सबै विद्यार्थीलाई समुचित अवसर प्रदान गर्न शिक्षकले अरु सहकर्मीसँग कतिको सहकार्य गर्नुहुन्छ ?

१५. तपाईको विचारमा शिक्षकको कुन-कुन पेशागत उत्तरदायित्व सम्बन्धी दक्षतामा समस्या रहेको ठान्नुहुन्छ ? चिन्ह लगाईदिनुहोला ।

२६. शिक्षकको पेशागत दक्षतामा समस्या भएको ठान्नुहुन्छ भने त्यसको कारणहरु के-के हुन् ?

१७. पेशागत दक्षतामा देखिएका समस्याहरुले शिक्षण सिकाइमा कुन-कुन प्रभाव परेको छ ?

१८. शिक्षकको पेशागत दक्षतामा भएको कमी कमजोरीलाई न्यून गर्न के-कस्तो उपायहरु ऋपनाउन सकिन्छ ? तल उल्लेख गरी दिनुहोला ।

## अनुसूची - ४

## प्रश्नावलीको प्रतिक्रियाबाट निकालिएको औसत अङ्क

| औसत अङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| क.सं. | पेशागत दक्षता | औसत अङ्क | | | | | |
| | | प्रशिक्षक | प्र.अ. | शिक्षक | विद्यार्थी | ऋभिभावक | वि.व्य.स. |
| ४ | पेशागत उत्तरदायित्व | | | | | | |
| ४.१ | शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन | १.८३ | २.४४ | २.६४ | २.५९ | २.०० | १.५० |
| ४.२ | सम्पूर्ण शिक्षण प्रक्रियाको अभिलेख | १.५० | १.८१ | २.३१ | २.४४ | २.३७ | १.७५ |
| ४.३ | अभिभावकहरुसँगको सञ्चार | १.५५ | १.७४ | १.८७ | २.२८ | १.८७ | १.४४ |
| ४.४ | शैक्षणिक विकासमा योगदान | २.३८ | २.४९ | २.७१ | २.६६ | २.१२ | २.२५ |
| ४.५ | पेशागत विकासको प्रयास | २.६० | २.८१ | २.५० | २.६२ | २.८७ | २.८५ |
| ४.६ | पेशागत दक्षताको प्रस्तुति | २.३८ | २.२४ | २.५८ | २.२५ | २.३० | २.१२ |


शिक्षकको पेशागत दक्षताले सिकाइमा पारेको प्रभाव

## अनुसूची - ५

### प्रश्नावलीको आधारमा आएको औसत अङ्कको आधारमा बनाईएका चार्टहरु


चार्ट नं. :- १

शिक्षण सिकाइ कार्यमा प्रतिबिम्बन





चार्ट नं. :- २

शिक्षण प्रक्रियाको अभिलेख





चार्ट नं. :- ३

अभिभावकसँगको सञ्चार




चार्ट नं. :- ४

शैक्षणिक विकासमा योगदान





चार्ट नं. :- ५

पेशागत विकासको प्रयास





चार्ट नं. :- ६

पेशागत दक्षताको प्रदर्शन




चार्ट नं. :- ७

घरेलु कारणहरु




चार्ट नं. :- ८

विद्यालीय कारणहरु




तालिका नं. :- ९

व्यक्तिगत कारण

